# चरण–२
# परमेश्वरको राज्य

प्रशिक्षक निर्देशिका

**प्राक्कथन**

यस तालीमका विचारहरु मेरा आफ्नै होइनन् । सधैँजसो, मभन्दा अघि हिँडेका व्यक्तिहरुका काँधमाथि निर्भर रहने गरेको छु । यस सन्दर्भमा यी शिक्षण सामाग्रीहरु *डिसाइपल नेशन्ज अलाइन्स* (Disciple Nations Alliance) को कार्यको अभिप्रेरणा हुन् । यस सामाग्री अध्ययन गरेका अधिकांश मण्डलीहरुले पाठहरुलाई उनीहरुका आफ्ना पृष्ठपोषण तथा सकभर दुविधाद्वारा परिमार्जन गर्न मद्दत पुऱ्याएका छन् । सत्यता सरल ढङ्गमा लागू गर्न सकिने गरी सत्यता पस्कन सिक्दैगर्दा धैर्यपूर्वक अनवरत मलाई साथ दिनुहुने महानुभावहरुप्रति मेरो आभार छ ।

यस तालीमको अधिकांश विषय-वस्तुचाहिँ बब मोफिट (Bob Moffit) को *"येशू नगरप्रमुख हुनुभएको भए"* पुस्तकमा प्रस्तुत विचारहरुद्वारा लिइएका हुन् । पाठ २, ५ र ६ का विचारहरु साथै दृष्टान्तहरु सिधै यसै पुस्तकबाट साभार गरिएका हुन् । *राज्यको मूल्य-मान्यता* शीर्षकको पाठ ३ चाहिँ ड्यारो मिलर (Darro Miller), बब मोफिट (Bob Moffit) र स्कोट एलेन (Scot Allen) द्वारा तयार पारिएको (किङ्गडम लाइफ-स्टाइल बाइबल स्टडिज) "परमेश्वरको अटल राज्य" नामक बाइबल अध्ययन निर्देशिकाको प्रेरणा हो ।

प्रेरणाचाहिँ अरुका हुन् भने त्रुटीचाहिँ मेरा हुन् । यी सामाग्रीहरुलाई निरन्तर रुपमा कसरी परिमार्जन गर्दै लान सकिन्छ सो विषयमा केही सुझाव तथा सल्लाह भए औंल्याई दिनुहुन आग्रह गर्दछु ।

## विषय सूची


**पाठ १: परमेश्वरको राज्य**

परमेश्वरको राज्य के हो ?......................................

सबै थोकमा आज्ञा पालन ......................................

परमेश्वरको राज्य निर्माण ......................................

**पाठ २: राज्यका समुदायहरु**

पृथ्वीमा परमेश्वरको राज्य ......................................

हाम्रा समुदायहरुका शासकका रुपमा परमेश्वर....................................

सामुदायिक अगुवाका रुपमा येशू ......................................

सम्पूर्ण चार ओटै क्षेत्रहरुमा सामुदायिक परिवर्तन ................................

## पाठ ३: राज्यका मूल्य-मान्यताहरु

आधारभूत सिद्धान्तहरु .......................................

हाम्रो जीवनको हर क्षेत्रमा बाइबल लागू गर्नु .............................................

परमेश्वरका सिद्धान्तहरु पत्ता लाउनु .....................................................

### पाठ ४: राज्यका मूल्य-मान्यता र कार्य

परिचय .........................................................

कार्यसम्बन्धी बाइबलीय दृष्टिकोण .....................................................

कार्यका किसिमहरु .....................................................

हाम्रो कार्यशैली सम्बन्धी परमेश्वर चासो राख्नुहुन्छ .......................

## पाठ ५: परमेश्वरको राज्य-निर्माण

राज्य-निर्माण हामीबाट शुरुआत हुन्छ......................................

रुपान्तरित समुदाय......................................

हाम्रो समुदायलाई रुपान्तरण गर्ने तरिका ......................................

ब्रदर लरेन्स (Brother Lawrence) .....................................

व्यक्तिदेखि परिवार, परिवारदेखि समुदाय......................................

परिवारहरु ......................................

समुदायहरु ......................................

परमेश्वरको राज्य निर्माण गर्ने व्यक्तिहरुका उदाहरणहरु .......................

राज्य निर्माणकर्ता बन्ने तरिका......................................

## पाठ ६: परमेश्वरको राज्य निर्माणमा मण्डलीको भूमिका

परिचय ......................................

व्यक्ति-व्यक्तिलाई सुसज्जित पार्नु ......................................

हरेक मानिस सेवा गर्ने व्यक्ति किन बन्नुपर्छ ?....................................

रुपान्तरण ल्याउने परिवारहरु ......................................

रुपान्तरण ल्याउने समुदायहरु ......................................

## पाठ ७: सत्यता-केन्द्रित रुपान्तरण कार्यक्रम

परिचय ......................................

परियोजना दर्शन .....................................

विधि ....................................

भावी तालीमका विषयहरु .....................................

## पाठ ८: आगामी चरणहरु

योजना निर्माणको महत्त्व .....................................

भेटघाटहरु .....................................

प्रेमको कार्य-प्रदर्शन .....................................

परियोजना निर्माणका चरणहरु .....................................

## पाठ १: परमेश्वरको राज्य

*प्रमुख विचारहरु :*

१.हामीले परमेश्वरका आज्ञाहरु पूर्ण रुपमा पालन गर्‍यौं भने उहाँको राज्य प्रत्यक्ष हुन्छ ।

२. जब धेरैभन्दा धेरै मानिसहरु परमेश्वरको आज्ञा पालन गर्दछन् र हामी पनि उहाँको आज्ञा पूर्ण रुपमा पालन गर्दछौं भने परमेश्वरको राज्य बढ्दछ ।

**परमेश्वरको राज्य के हो ?**

.........................................................................................

येशू पृथ्वीमा हुनुहुँदा उहाँले आफ्नो योजना बताउनुभयो । नयाँ नियममा उहाँको योजना ९८ पटक उल्लेख गरिएको छ । उहाँले म यही समग्र उद्देश्यको निम्ति पठाइएको हुँ भनी बताउनुभएको छ र उहाँले आफ्ना चेलाहरुलाई पनि त्यही कुरा सिकाउन पठाउनुहुन्छ । पावलले यस विषयमा चर्चा गरेका थिए । हामीलाई पनि यसको निम्ति प्रार्थना गर्न हौसला मिलेको छ ।

- त्यो के हो तपाईलाई थाहा छ ?

स-साना समूहहरुमा बाँडिएर निम्न पदहरु पढ्नुहोस् अनि दिइएका प्रश्नहरुको जवाफ दिनुहोस् ।

- मत्ती १०:५-८ –येशूले चेलाहरुलाई केको विषयमा सिकाउन पठाउनुभयो ?
- लूका ४:४३ –येशू किन पठाइनुभयो ?
- प्रेरित १:३ –पृथ्वीमा आफ्नो बाँकी चालीस दिनहरुमा येशूले के सिकाउनुभयो ?
- प्रेरित २८:३०-३१ – पावलले केको विषयमा सिकाए ?

परमेश्वरको राज्य निर्माण गर्नु परमेश्वरको योजना हो । येशू र पावल दुवैले सिकाउनुभएको मूल आशय यी पदहरुमा हामी देख्न सक्दछौं । यो कुरा हाम्रा निम्ति पनि महत्त्वपूर्ण हुनुपर्दछ । यद्यपि, हामीमध्ये धेरै जनाले "परमेश्वरको राज्य" वाक्यांश बुझेका हुँदैनौं ।

- कुनै नयाँ विश्वासीलाई मनमा लिनुहोस् अनि त्यसपछि म उसलाई परमेश्वरको राज्यको बारेमा यसरी बताउनेछु भनी विचार गर्नुहोस् ।

  सबै झुण्डको सामु उत्तरहरु बताउनुहोस् ।

परमेश्वरको राज्यको बारेमा व्याख्या गर्नु वास्तवमा त्यति गाह्रो छैन । येशू ख्रीष्ट जहाँ राजाको रुपमा हुनुहुन्छ र जहाँ उहाँका नियमहरु पालन गरिन्छन्, त्यहाँ नै परमेश्वरको राज्य मौजुद हुन्छ । त्यसकारण, जहाँ मानिसहरु परमेश्वरको आज्ञाअनुसार चलेका र उहाँका इच्छाहरु पछ्याएका देख्दछौं, त्यो नै परमेश्वरको राज्यको एउटा सानो अंश हो । यथार्थमा भन्नुपर्दा, येशू ख्रीष्टको फेरि आगमन नभएसम्म र यहाँ भएका हरेक थोक नयाँ र पापरहित नबनेसम्म परमेश्वरको राज्यले पूर्णता प्राप्त गर्नेछैन ।

परमेश्वरको राज्य बुझ्न सजिलो होस् भन्ने उद्देश्यले थाइल्याण्डको बारेमा विचार गरौं । थाइल्याण्ड एउटा राज्य हो : त्यहाँ राजा छन् र जब राजा बोल्दछन्, थाइल्याण्डका जनताहरु उनका कुरा सुन्दछन् । उनले मलाई पहेंलो रङ मन पर्छ भनी हुकुम गरे, सम्पूर्ण जनताहरुले अहिले हरेक सोमबार पहेंलो रङको शर्ट लगाउँदछन् । उनले मेरी पत्नीलाई बैजनी रङ् मन पर्छ भनी हुकुम गरे, अहिले अधिकांश मानिसहरु हरेक शुक्रकार बैजनी रङ्गको शर्ट लाउँछन् । उनले मलाई यो रङ् मन पर्छ भनेकै भरमा मानिसहरुले उनले मन पराएको रङ्को पोशाक लाएर उनीप्रति प्रेम र श्रद्धा प्रकट गरेका छन् ।

केही वर्षअघि थाइल्याण्डको सत्ता सेनाको हातमा पर्‍यो । सडकहरुमा मारपिट भइरहन्थ्यो । राजा पक्षकाहरु सेना समर्थकहरुसित लड्दथे । यो समस्याले विकराल रुप लेला भनी सबै चिन्तित थिए । अनि, त्यसपछि राजाले हुकुम गरे । राजाले सबैलाई झगडा रोक्न र चुनावको निम्ति तयारी हुन आह्वान गरे । झैंझगडा तुरुन्तै साम्य भयो । कसैले पनि राजालाई प्रश्न गरेनन्; राजाले जे हुकुम दिए उनीहरुले सो बमोजिम गरे । उनीहरुलाई चित्त नै नबुझेको भए पनि त्यसको कुनै औचित्य रहेन । राजाले हुकुम गरेपछि उनलाई खुशी तुल्याउनु नै जनताहरुका आ-आफ्ना भावनाभन्दा पनि बढी महत्त्वपूर्ण हुन्थ्यो ।

हामीसित पनि राजा हुनुहुन्छ–येशू ख्रीष्ट हाम्रा राजा हुनुहुन्छ । थाइल्याण्डका जनताहरुले आफ्ना राजालाई खुशी तुल्याउन कोसिस गरेझैं के हामीले पनि येशूलाई खुशी तुल्याउन र उहाँले हुकुम गर्नुभएको कुरा पालन गर्न कोसिस गर्नु पर्दैन र ? यदि थाइल्याण्डका जनताहरुले आफ्ना राजालाई मन परेको रङ्को पोशाक पहिरिएर उनीप्रति अगाध प्रेमभाव प्रकट गर्दछन् भने के हाम्रा येशू राजाप्रतिको अगाध प्रेमले झन बढी हाम्रो जीवन प्रभावित हुनु पर्दैन र ?

**समग्र समूहमा छलफल गर्नुहोस् :**

- के हामीले आफ्नो हरेक व्यवहारमा हाम्रा राजालाई खुशी तुल्याउने चेष्टा गरिरहेका छौं ? किन वा किन होइन ?
- हामीले परमेश्वरका आज्ञाहरु अझै बढी पालन गर्नुपर्ने हाम्रा जीवनका केही त्यस्ता क्षेत्रहरु के के होलान् ?

## सबै थोकमा आज्ञा पालन

..............................................................................................

हामीले सदैव उहाँलाई प्रशन्न तुल्याएको र आदर गरेको परमेश्वर चाहनुहुन्छ । कलस्सी ३:१७ र १ कोरिन्थी १०:३१ पढ्नुहोस् । यी पदहरुमा भनिएको छ– हामी जे गर्दछौं, हामीले परमेश्वरलाई महिमा पुऱ्याउने कार्य गर्नुपर्दछ । यी दुवै पदहरुमा हामी जे गर्दछौं भन्ने भाव दोहोरिएको पाउँदछौं : कलस्सी,"**कुरा** वा **काम**मा **जे-जे** गर्दछौं, **सबै** कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर ।" कोरिन्थीमा, **"यसकारण चाहे तिमीहरु खाओ, अथवा पिओ,** वा **तिमीहरु जेसुकै गर,** सबै परमेश्वरका महिमाको निम्ति गर ।" यदि बाइबलमा कुनै कुरा दोहोरिन्छ भने त्यसले यो विचारचाहिँ महत्त्वपूर्ण छ है भनी प्रायः इंगित गरेको हुन्छ । हामीले गर्ने *हरेक थोकबाट* परमेश्वरको महिमा हुनुपर्दछ भनी पावलले हामीलाई बुझाउन खोजेका हुन् ।

**समग्र समूहमा छलफल गर्नुहोस् :**

- हामीले खास-खास दिनमा गर्न सक्ने कुरा के के होलान् ?(बोर्डमा बुँदागत रुपमा लेख्नुहोस् ।)

**स-साना समूहहरुमा छलफल गर्नुहोस् :**

- हरेक बुँदाअनुसार गर्दाखेरि हामी परमेश्वरलाई कसरी महिमा पुऱ्याउन सक्छौं ? (एक-एक बुँदाअनुसार लेख्नुहोस् ।)

हाम्रा राजा येशू ख्रीष्टको आज्ञा पालन र उहाँलाई खुशी तुल्याउने कार्यमा हामी गम्भीर बन्नुपर्दछ । परमेश्वरले हाम्रा निम्ति मर्नलाई आफ्नो पुत्र पठाउनुभएर हाम्रो निम्ति यति महान् कार्य गरिदिनुभएको छ । जब हामी उहाँको महान् उपाहार बारे विचार गर्दछौं, हामीमा उहाँका आज्ञाहरु पालन गर्ने इच्छा जाग्नुपर्दछ ।

## परमेश्वरको राज्य निर्माण

..............................................................................................

मत्ती ६:९-१० पढ्नुहोस्

- येशूले हामीलाई केको निम्ति प्रार्थना गर्न भन्नुभएको छ ?
- उहाँको राज्य आएको हामी कसरी देख्दछौं ?

परमेश्वरले आफ्नो राज्य यही पृथ्वीमा निर्माण गर्न चाहनुहुन्छ । (तपाईंको राज्य आओस् ।) मानिसहरु उहाँको इच्छाअनुसार चलेमा यस पृथ्वीमा उहाँको राज्य निर्माण हुन्छ । (तपाईंको इच्छा पूरा होस् ।)

हामीले परमेश्वरको राज्य निर्माण गर्न सक्ने दुई ओटा तरिकाहरु छन् । पहिलो, मानिसहरुलाई उद्धारद्वारा परमेश्वरको राज्यमा सङ्ख्यात्मक रुपमा बृद्धि गर्दै र दोस्रो धेरैभन्दा धेरै मानिसहरुद्वारा उहाँको इच्छा पूरा गराउँदै । हामीलाई थाहा भइसकेको छ, येशू ख्रीष्ट सबै कुरालाई मिलापमा ल्याउन आउनुभयो (कलस्सी १:१८-२०) ।

यदि हामी परमेश्वरको इच्छा धेरैभन्दा धेरै पूरा भएको चाहन्छौं भने हामीले धेरैभन्दा धेरै मानिसहरुले उद्धार पाएको र परमेश्वरको आज्ञा पालन गरेको देख्नु अनिवार्य हुन्छ । अनि, धेरैभन्दा धेरै मानिसहरुले आ-आफ्ना जीवनका **सम्पूर्ण** क्षेत्रहरुमा परमेश्वरले चाहनुभएअनुसार जीवन जिएका देख्नु आवश्यक हुन्छ ।

## पाठ २: राज्यका समुदायहरु

*प्रमुख विचार :*

- यदि हामी साँचो रुपमा आज्ञापालक भएर जीवन जिइरहेका छौं भने, हाम्रा सम्पूर्ण समुदाय परमेश्वरको राज्यजस्तै बन्दै गरेको हामीले देख्नुपर्दछ ।

ह्याण्डआउट (Handouts)

- २.१ समुदायका कहानीहरु

सामाग्रीहरु (Materials)

- कागजको ठूलो ताउ
- मार्कर वा विभिन्न रङ्का शिशाकलमहरु

### पृथ्वीमा परमेश्वरको राज्य

..................................................................................

पृथ्वीमा परमेश्वरको राज्य आएमा कस्तो देखिन्थ्यो होला के तपाईं परिकल्पना गर्न सक्नुहुन्छ ? नयाँ नियममा पहिलो शताब्दीका इसाईहरुले परमेश्वरको राज्य निर्माण गर्न एक ठाउँमा भेला भएका धेरै ओटा उदाहरणहरु हामी देख्न सक्दछौं ।

प्रेरित २:४२-४७

- नयाँ विश्वासीहरुले के के गरे ?

- के ती आत्मिक वा भौतिक कुरा हुन् ? (दुवै)
- प्रतिफल के भयो त ?
    - कसैलाई खाँचो परेन, अरुहरुले उनीहरुलाई कृपाको दृष्टिले हेरे । अनि धेरै मानिसहरुले प्रभु येशूलाई विश्वास गरे ।
- पहिलो शताब्दीका इसाईहरुले झैं हामीले सङ्गति गर्‍यौं भने हाम्रा समुदायहरुमा कस्ता किसिमका प्रतिफलहरु हामी देख्न सक्छौं होला ?

## हाम्रा समुदायहरुका शासकका रुपमा परमेश्वर

..........................................................................................

हाम्रा समुदायहरु उहाँले चाहनुभएअनुसार झनझन बढी जिऊन् भन्ने परमेश्वर चाहनुहुन्छ । उहाँले हाम्रा व्यक्तिगत जीवनमा मात्रै होइन तर हाम्रा समुदायहरुमा पनि उहाँको इच्छा पूरा भएको चाहनुहुन्छ ।

**स-साना झुण्डहरु बनाउनुहोस्**

झुण्डहरुमा निम्न कथाहरु पढ्नुहोस् अनि तिनका जवाफहरु लेख्नुहोस् । ( ह्याण्डआउटस् २.१)

इन्डियाको एक जना व्यक्ति आफू सेवारत भई छोडेको एउटा गाउँमा भेटघाटको निम्ति गएका थिए । उनले गाउँका दिदीबहिनीहरुलाई यदि तपाईंको गाउँको अगुवाचाहिँ येशू हुनुभएको भए तपाईंको समुदाय कस्तो हुन्थ्यो होला भनी प्रश्न गरेका थिए । उमराई नाम गरेकी एक जना स्पष्टा वक्ता महिलाले यदि त्यसो भइदिएको भए गाउँमा एकता र सद्भाव हुनेथियो भनिन् । उनको गाउँमा येशूलाई अनादर गरिएको र गाउँ विभाजन भएको घटना थाहा थियो । हरेक परिवार केवल आफ्नै स्वार्थका निम्ति जिउँदथे । उनको जबाफको कारणले गाउँका महिला समूहले स्वास्थ्य समिति साथै स्वावलम्बन समूह गठन गरे । स्वावलम्बन समूहका चौध जना महिलाहरु बडो उत्साहका साथ नियमित रुपमा भेटघाट गर्न थाले । समूहका सदस्यहरुले व्यक्तिगत रुपमा बचत गर्दै राखेका स-सानो रकम सामुहिक खातामा निक्षेप गरेर समुदायका समस्याहरु समाधान गर्न जुट्न थाले । उमराई त्यस समितिको अध्यक्ष बनिन् र यदि येशू त्यस गाउँको अगुवा हुनुभएको भए गाउँमा जे हुन्थ्यो त्यस्तै गर्नलाई योजना बनाउन र गाउँलाई परिचालन गर्न उनले आफ्नो नेतृत्व वरदान सदुपयोग गरिन् ।

उगान्डाका बाइबल अध्ययनका दिदीबहिनीहरुले येशूले सेवा गर्नु भएजसरी आफ्नो गाउँमा सेवा गर्ने निर्णय गरे । उनीहरुले विचार पुर्‍याएर आफ्नो पहिलो परियोजना तयार पारे : वरिपरिको स्थानीय बार (Bar) बाट उत्सर्जित फोहोर-मैला सफा गर्ने अभियान । दुई जना महिलाहरु बारभित्र निर्भयतापूर्वक छिरे । (प्रायःगरी, बारभित्र छिर्ने महिलाहरुचाहिँ वेश्या मात्रै हुन्छन् ।) उनीहरुले फोहोर-मैला सफा गर्न अनुमति मागे । अचिम्मत भएका साहु फिस्स हाँसे तर उनले सहमत पनि जनाए । दिदीबहिनीहरुले धेरै जना स्वयम्-सेवकहरुका साथ समुदायलाई परिचालन गरे । समूहले दुई ओटा खाल्टाहरु खने : एउटा

सड्ने फोहोर-मैलाको निम्ति र अर्को नसड्ने फोहोरको लागि । जब बारका संरक्षकहरुले अरुहरुले आफ्नो फोहोर राख्ने भाँडाहरु सफा गरेको देखे, उनीहरु पनि सहयोगमा उत्रिए । समुदायको खुशीको कुरो, बारका साहुहरुले त्यस क्षेत्रलाई नियमित रुपमा सफा राख्न थाले ।

उत्साहित भएका महिलाहरु स्थानीय परिवारहरुका निम्ति नौ ओटा इन्धन कम खपत गर्ने स्टोभहरु बनाउन र समस्यामा परेका मानिसहरुलाई पानी सञ्चय भाँडाहरु उपलब्ध गरिदिने निधो गरे । पछिल्लो चरणमा बाइबल अध्ययन समूहले अझै ठूलो परियोजना संचालन गरे : सामुदायिक बजार । गाउँका महिलाहरु आफ्ना तरकारीहरु तथा मालसमानहरु बोकेर निकै टाढा बजारहरुमा घण्टौघण्टा हिँडेर जानु पर्दथ्यो । नजिकै खुलेको बजारले उनीहरुलाई आफ्नो परिवार, समुदाय र करेसाबारी नजिकै रहेर आम्दानी आर्जन गर्ने मौका दियो । जग्गा दानको रुपमा प्राप्त त भयो तर त्यसमा बजार शुरुआत गन जग्गा धेरै भिरालो थियो । बाइबल अध्ययनका दिदीबहिनीहरुले प्रार्थना गरिरहेका थिए । नजिकै बाटो मर्मतमा खटिरहेका राजमार्ग-कर्मचारीहरु सहर्षरुपमा आएर निशुल्क रुपमा बजार बसाउन मिल्ने गरी डोजर लाइदिए । परमेश्वरको सहायताले ग्रामीण भेगका इसाई दिदीबहिनीहरुको सानो समूहले श्रोतहरु पत्ता लगाए, सङ्कलन गरे, पैसा बचत गरे, समस्याहरु समाधान गरे, र सामुदायिक बजार बसाए । उनीहरुले येशूको खातिर जति सेवा गर्दै गए उनीहरुको आत्मिक जीवन त्यति नै बढ्दै गयो ।

**छलफल गर्नुहोस् :**

- प्रत्येक कथामा के के घटना घटे ?
- कथामा उल्लेखित मानिसहरुका कारणले येशूले इच्छा गर्नुभएअनुसार हरेकले जिउँदाखेरि के समुदाय अझै नजिक आउने रहेछन् त ?
- उल्लेखित कथाहरुमा समूहहरुले गरेका गतिविधिहरु के के थिए ?
- तपाईंले आफ्नो समुदायमा त्यस्तै दुरुस्तै कसरी गर्न सक्नुहुन्छ ?

## सामुदायिक अगुवाका रुपमा येशू

..................................................................................

**<u>समग्र समूहको रुपमा</u>**

मानिलिनुहोस्–येशू तपाईंको समुदायको अगुवा हुनुहुन्छ । तपाईंका विचारमा उहाँले प्रथमतः के के कुरामा परिवर्तन ल्याउनुहुन्थ्यो होला ?

*(यदि समूहको ध्यानचाहिँ राजनीति गर्ने अगुवाहरु मात्रै परिवर्तन गर्नुपर्छ भन्नेमा केन्द्रित छ भने, येशू यस संसारमा हुँदा उहाँले राजनैतिक अगुवाहरुलाई परिवर्तन गर्नुभएन भनी उनीहरुलाई स्मरण गराइदिनुहोस् । चेलाहरुले जहिले पनि येशूले राजनैतिक संरचना भत्काइदिनुभए हुन्थ्यो भन्ने अपेक्षा राख्दथे । तर उहाँले त्यसो गर्नुभएन । उहाँले परिवर्तन ल्याउन एक व्यक्ति-व्यक्तिमा काम गर्नुभयो । यस कार्यक्रममा हाम्रो चासो भनेको परमेश्वरले इच्छा गर्नुभए अनुसार जिउनु र अरुहरुलाई पनि त्यसै बमोजिम जिउन सहायता पुऱ्याउनु हो ।)*

*यदि समूहमा विचारहरु फुरिरहेको छैन भने छलफललाई क्रियाशील तुल्याउन तलका केही प्रश्नहरु प्रयोग गर्न सक्नुहुन्छ ?*

- येशूले विधुवा र अनाथहरुका विषयमा के गर्नुहुन्थ्यो ?
- येशूले परिवारहरुलाई कसरी मजबुत पार्नुहुन्थ्यो ?
- उहाँले सफा पिउने पानी, प्रयाप्त वास र गाँस, स्वास्थ्य सेवा, फोहोर-मैला तथा ढल निकास प्रणाली, र सुधारिएका बाटाहरु बारे कसरी प्रवर्द्धन गर्नुहुन्थ्यो ?
- बाल शिक्षा र प्रौढ शिक्षा सम्बन्धी के गरिन्थ्यो होला ?
- जाँड्-रक्सी, लागूपदार्थ, जुवातास र अन्य किसिमका दूर्व्यसन सम्बन्धी येशूले के गर्नुहुन्थ्यो होला ?
- श्रीमती वा बालबालिका सम्बन्धी हुने दूर्व्यवहार वा हिंसा सम्बन्धी उहाँ के गर्नुहुन्थ्यो ?
- उहाँले मानिसहरु बीच सम्बन्ध कसरी समधुर पार्नुहुन्थ्यो होला ?

## सम्पूर्ण चार ओटै क्षेत्रहरुमा सामुदायिक परिवर्तन

.........................................................................................

- येशू बढ्नुभए जस्तै हामी बढ्नुपर्ने चार ओटा क्षेत्रहरु के तपाईंलाई स्मरण छ ?
    - बुद्धि, शारीरिक, सामाजिक र आत्मिक

परमेश्वरको राज्यले यी चारै क्षेत्रहरुमा परिवर्तन ल्याउँदछ । यदि हामीले हाम्रा समुदायहरु परमेश्वरको राज्यजस्तै बनेको देख्न चाहन्छौं भने हाम्रो समुदायमा यी चारै ओटा क्षेत्रहरुमा परिवर्तन आएको परिकल्पना गर्नुपर्दछ ।

**स-साना समूहहरु**

कक्षालाई समूह-समूहमा विभाजन गर्नुहोस् अनि उनीहरुलाई आदर्शपूर्ण समुदाय कस्तो हुन्छ सो सम्बन्धी छलफल गर्न लगाउनुहोस् । विशेषगरी, उनीहरुलाई आत्मिक, भौतिक, सामाजिक र मानसिक क्षेत्रहरुमा विचार-विमर्श गर्न लाउनुहोस् । परमेश्वरले उनीहरुको समुदाय कस्तो भएको चाहनुहुन्छ सो बारेमा उनीहरुलाई परिकल्पनाको चित्र कोर्न लाउनुहोस् ।

**व्याख्या गरिदिनुहोस्**

परमेश्वर पनि हाम्रा समुदायहरु उहाँको राज्यजस्तै बन्न रुपान्तरित भएको चाहनुहुन्छ । परमेश्वरको राज्य स्वर्गमा जस्तो छ त्यस्तै पृथ्वीमा आओस् भनी प्रार्थना गर्न उहाँले  हामीलाई उत्साह दिनुभयो । अनि, पहिले उहाँको राज्यको खोजी गर्न हामीलाई भन्नुभयो ।

जुन समुदायमा हरेक व्यक्तिले परमेश्वरको आज्ञा पालन गरेका हुन्छन्, त्यस्तो समुदायमा बस्नु पाए कस्तो हुन्थ्यो भन्ने तपाईं कल्पना गर्नुहुन्छ ? त्यो समुदायमा एकअर्कालाई सहयोग गर्ने र मेलमिलापमा बस्ने सुखी परिवारहरु र मिलनसार छिमेकीहरु हुन्थे होलान् । त्यस समुदायमा चर्काचर्की, झैँझगडा र बेइमानी हुँदैनथ्यो । के तपाईं त्यस्तो समुदायमा बस्न चाहनुहुन्छ ?

परमेश्वरको आफ्नो राज्य ल्याउने तरिका भनेकै हामीद्वारा हो । हामी यस बारेमा अझै पाठ ४ मा सिक्नेछौं तर अहिलेचाहिँ यस बारेमा यति सोचौं : *(जवाफ दिन ढीला गर्ने मानिसहरुसित अध्ययन गरौं ।)*

- यदि भोलि बिहान ६ बजेदेखि शुरु भएर हरेक विश्वासीले परमेश्वरले चाहनु भएअनुसार मण्डलीमा क्रियाकलाप देखाएमा के हुन्थ्यो होला ?
- हाम्रा सम्बन्धहरुमा, हाम्रा शरीरका हेरचाहमा, र परमेश्वरसितको हिँडाइमा परमेश्वरले चाहनु भएअनुसार हामीले पूर्ण रुपमा आज्ञापालन गऱ्यौं भने हाम्रो जीवनमा व्यक्तिगत रुपमा के हुँदो हो ?
- यदि हाम्रा परिवारका सबै सदस्यहरुले परमेश्वरको इच्छाअनुसार एकआपसको सम्बन्धमा पूर्ण रुपमा आज्ञा पालन गरेमा हाम्रा परिवारहरुमा के हुन्थ्यो होला ?
- यदि हाम्रा समुदायमा भएका मण्डली साथै अन्य मण्डलीहरुका सबै अगुवाहरु र विश्वासीहरुले एकअर्कालाई साँचो रुपमा प्रेम गरेमा, एकआपसमा सेवा पुऱ्याएमा, कमजोर र गरीबहरुलाई हेरचाह गरेमा र एकतामा जिएमा के हुन्थ्यो ?

परमेश्वरले हामीलाई रोमाञ्चकारी दृश्य दिनुभएको छ : पृथ्वीमा उहाँको राज्य आउँदै गरेको दृश्य । परमेश्वरले हामीलाई पृथ्वीमा उहाँको राज्य निर्माणमा सहभागी भएको चाहनुहुन्छ । यदि सबैले परमेश्वरको आज्ञा पालन गरेमा संसार कस्तो देखिन्थ्यो होला । संसार स्वर्गजस्तै हुन्थ्यो होला ! येशूको दोस्रो आगमन नभएसम्म यो पृथ्वी पूर्ण हुनेछैन भन्ने हामीलाई ज्ञान भए तापनि परमेश्वरले दिनुभएको यो दर्शनको खातिर हामी क्रियाशील भइरहन सक्छौं ।

हरेक दिन बिहान उठेर म आज परमेश्वरको राज्य कसरी निर्माण गर्न सक्छु भनी सोच्नु पर्दछ । परमेश्वरको राज्य बृद्धिको निम्ति के गर्न सक्छु ? परमेश्वरका व्यवस्थाअनुसार म कसरी जिउन सक्छु ? मैले परिवार जनलाई त्यसरी नै जिउन कसरी सहायता गर्न सक्छु ?

## पाठ ३: राज्यका मूल्य-मान्यताहरु

प्रमुख बुँदाहरु

- हाम्रा समुदायहरुमा भएका समस्याहरु परमेश्वरको पूर्ण आज्ञा पालनद्वारा मात्रै समाधान हुन सक्दछन् ।
- हामीले हाम्रो जीवनको हरेक क्षेत्रमा बाइबल लागू गर्दछौं भने परमेश्वरको राज्य आउँदछ ।

- बाइबलका सिद्धान्तहरु हाम्रा समुदायहरुका मूल्य-मान्यताहरुभन्दा फरक छन् ।
- हामीले बाइबल पढ्यौं भने हामी बाइबलीय सिद्धान्तहरु पाउन सक्दछौं ।

*ह्याण्डआउट*
३:१ राज्यको मूल्य-मान्यता *वर्क-शिट*

दृश्य-सामाग्री
१ . आधारभूत सिद्धान्तका पोष्टरहरु

## आधारभूत सिद्धान्तहरु

........................................................................................................

तीन ओटा आधारभूत सिद्धान्तहरुबाट शुरुआत गरौं ।

**१. संसार गंभीर रुपमा भताभुङ्ग भएको छ । मावन ज्ञान र भौतिक स्रोतहरुले यसलाई निको पार्न सक्दैन ।**

- यस संसारमा पापका असरहरुका केही उदाहरणहरु के के हुन् ?
  *संभावित उत्तरहरु*
  - जाँड-रक्सीको कुलत / जुवा-तास / वेश्यावृति
  - भत्किएका परिवारहरु
  - मानिस-मानिस बीच झैंझगडा

तल प्रस्तुत कहानी पढ्नुहोस् :

हैटी देश मानव ज्ञान र भौतिक स्रोतहरुले समाधान हुन नसक्ने गरी लथालिङ्ग अवस्थाको एउटा ज्वलन्त उदाहरण हो । हैटी दक्षिण तथा मध्ये अमेरिकामा अवस्थित सबैभन्दा गरीब देश हो । यस देशमा असी लाख जनसङ्ख्या छ । सन १९८० देखि हैटीमा हजारौं अन्तर्राष्ट्रिय, सरकारी र गैरसकारी कार्यक्रमहरु सञ्चालन गरिएका छन् । हैटीको आर्थिक, सामाजिक तथा आत्मिक समस्याहरुमा सुधार ल्याउने प्रयासमा अरबौं डलरहरु खर्च भइसकेका छन् । यद्यपि, केही पनि सुधार आउन सकेन । सन २००४ मा अन्तर्राष्ट्रिय संघ-संस्थाहरु तथा सरकारहरुले हैटीका समस्याहरु समाधान गर्न अर्को एक अरब डलर प्रदान गरेका थिए ।

त्यतिका रकमहरु खर्च भइसके पनि हैटीमा केही पनि परिवर्तन आएको छैन । मानिसहरु अझै दुःख भोगिरहेकै छन् ; उनीहरुमा आशा शून्य छ । ८० प्रतिशत मानिसहरु पूर्ण गरीबीको रेखामुनि छन् । देशमा उद्योग-धन्दा वा व्यापारहरु केही पनि छैनन् । ती सबै पूर्ण रुपमा बन्द भइसकेका छन् । बेरोजगारी दर कम्तिमा पनि ७० प्रतिशतको हाराहारीमा छ । १० प्रतिशतभन्दा बढी बालबालिकाहरु चार वर्ष नकटेको अवस्था छ । झुपडी वस्तीहरु मानिसै-मानिसले खचाखच भएका छन्, मानिसहरुको

आफ्नै स्थायी घर छैन । र, सडकहरु फोहोरै-फोहोरले भरिएका छन् । अपराध नियन्त्र बाहिर छ । बाटाहरु भत्किएर दुर्दशा अवस्थामा छन् । पिउने पानी प्रयाप्त उपलब्ध छैन । ग्रामीण क्षेत्रहरुको हालत पनि त्यस्तै छ । जङ्गल फडानी गरिएको र भूक्षय भएयता गाउँहरुमा आँधीहुरीबाट जोगिने आधार केही छैन । र, रुख-विरुवा रोप्ने पनि उर्वर माटो छैन ।
त्यतिका धेरै पैसाहरु खर्च गरिनुको साथै विज्ञहरुले सारा तरिकाहरु अप्नाए पनि हैटीमा केही पनि परिवर्तन आएको छैन । आर्थिक स्रोतहरुद्वारा देशमा सुधार आउन  सकेको छैन न ता संसारका उच्चकोटिका विज्ञहरुका तरिकाहरुले नै त्यसो गर्न सकेको छ ।

- हैटीको परिस्थिति के हो ?
- हैटीमा कति पैसा खर्च भइसकेको छ ?
- के उपलब्धि भयो त ?
- तपाईंको विचारमा किन त्यस्तो भइरहेको होला ?

संसार लथालिङ्ग भएको छ । संसारको त्यो अवस्था समाधान गर्न हाम्रा सारा उत्कृष्ट विचारहरु प्रयाप्त हुँदैनन् । हैटीमा अरबौं डलरहरु खर्च गरिए र हजारौं विज्ञहरु खटाइए तापनि त्यहाँको परिस्थितिमा केही पनि परिवर्तन आएन । यो कुरा त हैटीमा मात्रै होइन, सारा संसार भरिनै उस्तै हो । अफ्रिकामा पचास अरब डलरहरु खर्च गरिए र हजारौं विज्ञहरु पठाएपछि पनि त्यो महादेश बीस वर्ष अघिभन्दा अहिले झन गरीब हुन पुगेको छ । हाम्रो संसारलाई निको पार्न मानव ज्ञान र भौतिक स्रोतहरु प्रयाप्त छैनन् । हामीले अर्कै कुरा चाहिएको छ ।

**२.परमेश्वरप्रति प्रत्युत्तर जनाउने र उहाँले निर्देशन गर्नुभएअनुसार जिउने मानिसहरुद्वारा राष्ट्रको निम्ति चङ्गाइ प्राप्त हुन्छ ।**

२ इतिहास ७:१४ पढ्नुहोस्

- हामीले के गर्नुपर्दछ भनी बाइबलले बताएको छ ?
- यो इसाईहरुले कि गैरइसाईहरुले गर्नु पर्ने रहेछ ?
- यदि हामीले त्यसो गरेमा के हुनेरहेछ ?
- के यस पदले भनेको ठीक हो भनी तपाईं विश्वास गर्नुहुन्छ ?
- यदि हामीले हाम्रो समुदाय निको भएको देख्न चाहन्छौं भने हामीले के गर्नुपर्दछ ?

परमेश्वरले हाम्रा समाजहरु निको भएको देख्न चाहनुहुन्छ । येशू यी सबै थोकमा मिलाप ल्याउन आउनुभयो । यद्यपि, उहाँ अझै पनि हामीद्वारै काम गर्नुहुन्छ । हामीले प्रार्थना गरैनौं, उपवास बसेनौं र उहाँको आज्ञाअनुसार चलेनौं भने हाम्रा समुदायहरुमा कहिल्यै पनि चङ्गाइ प्राप्त छैन ! यदि हामीले माथि भनिएका कुराहरु गर्दछौं भने हाम्रा समुदायहरुमा परमेश्वरको चङ्गाइ आउँदछ । के तपाईं आफ्नो समुदायको निम्ति चङ्गाइ चाहनुहुन्छ ?  के तपाईं ती कुरा गर्न इच्छुक हुनुहुन्छ ?

**३. बाइबलले हामीलाई हाम्रा देशहरु निको पार्न र परमेश्वरको राज्य निर्माण गर्न यसरी चल्नुपर्दछ भनी बताएको छ ।**

कहिलेकाहीँ जब हामी कुनै मूल्यवान वस्तु किन्दछौं, त्यसका साथै सो चीजलाई प्रयोग गर्ने तरिका उल्लेख गरिएको एउटा निर्देशन-पुस्तिका पनि पाउँदछौं । त्यो निर्देशन-पुस्तिका उत्पादित वस्तु डिजाइन तथा निर्माण गर्ने कम्पनीद्वारा तयार पारिएको हुन्छ । कम्पनीलाई आफ्नो उत्पादित वस्तु प्रयोग गर्ने तरिका थाहा भएकोले सो वस्तु ठीक ढङ्गले काम गर्न र लामो समयसम्म टिक्न सक्दछ ।

परमेश्वर पनि त्यस्तै हुनुहुन्छ । उहाँले संसारको डिजाइन गरी त्यसलाई बनाउनुभयो । उहाँले डिजाइन गरी हामीलाई बनाउनुभयो । उहाँलाई संसार र हाम्रो जीवन कसरी उत्तम बनाउनुपर्छ भन्ने थाहा छ । त्यसकारण उहाँले मार्ग-निर्देशक पुस्तक लेख्नुभएको छ । त्यस पुस्तकलाई बाइबल भनिन्छ । उहाँले हामीलाई हाम्रो जीवनको हरेक क्षेत्रमा यसरी जिउनुपर्छ भनी बाइबलमा बताइदिनुभएको छ । हाम्रा भताभुङ्ग भएको संसार र लथालिङ्ग भएका समुदायहरुलाई निको पार्न हामीलाई चाहिने सारा निर्देशन र ज्ञान बाइबलमा दिइएको छ । यदि हामीले यथासंभव उत्तम जीवन चाहन्छौं र हाम्रा समुदायहरु परिवर्तन भएको देख्न चाहन्छौं भने हामीले बाइबल पढ्नुपर्छ, बुझ्नुपर्छ अनि जीवनको हरेक क्षेत्रमा त्यहाँ लेखिएको कुरा लागू गर्नुपर्दछ ।

फेरि कार्ड प्रयोग गरेर माथि उल्लेखित विचारहरु समीक्षा गर्नुहोस् । सहभागीहरुले सबै कार्ड बुझेका छन् कि छैनन् सुनिश्चित गर्नुहोस् ।

- हाम्रो संसारलाई निको पार्नको लागि हामीले के सिकेको छौं ?
- परमेश्वरको आज्ञापालनमा हामी कसरी चल्न सक्छौं ?
- हामीले बाइबल अध्ययन गर्नुपर्दछ र हाम्रा जीवनका सबै क्षेत्रहरुमा वचन लागू गर्नुपर्दछ ।
- यदि हामी आज्ञाकारी भयौं भने के हुनेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ ?

## हाम्रो जीवनको हर क्षेत्रमा बाइबल लागू गर्नु

.....................................................................................

येशू पृथ्वीमा हुनुहुँदाका कहानीहरु पढ्यौं भने येशूले जे गर्नुभयो, त्यस सम्बन्धमा चेलाहरुका विचारहरु अत्यन्तै फरक भएको देख्दछौं ।

मर्कूस १० :३५-३७,४१-४५

- याकूब र यूहन्ना केको विषयमा छलफल गरिरहेका थिए ?
- अगुवाहरुले गर्नुपर्ने कार्यसम्बन्धी येशूले के भन्नुभयो ?

याकूब र यूहन्ना आफ्ना संस्कृतिझैं सोचिरहेका थिए । उनीहरु अरुहरुमाथि शासन चलाउन चाहन्थे । उनीहरु हामी एक दिन ठूला अगुवाहरु बन्नेछौं भनी कल्पना गरिरहेका थिए । तर येशूले उनीहरुका भ्रमलाई चिर्नुभयो र वास्तवमा ठूलो अगुवाचाहिँ सेवक हुन्छ भनी उनीहरुलाई बताउनुभयो ।

- त्यस समयमा सेवकको जीवन कस्तो थियो होला भनी कल्पना गर्नुहुन्छ ?

- चेलाहरुले येशूको कुरा सुनिसकेपछि उनीहरुले कस्तो महसुस गरे होलान् भनी तपाईं सोच्नुहुन्छ ?

प्रायःप्रायः कुरा यस्तै हो । संसार वा विद्यमान परम्पराको तरिका परमेश्वरको तरिका होइन । यदि हामीले यहाँ पृथ्वीमा परमेश्वरको राज्य निर्माण गर्न लाग्दैछौं भने हामीले परमेश्वरका तरिकाहरु थाहा पाउनु जरुरी हुन्छ । परमेश्वरले हामीलाई बाइबल दिनुभएको छ । बाइबलले परमेश्वरलाई खुशी तुल्याउने जीवन यसरी जिउनुपर्दछ भनी हामीलाई बताइदिएको छ ।

**स-साना भुण्डहरुमा**

तल दिइएको तालिका (ह्याण्डआउट ३.१) मा भर्नुहोस् । तल दिइएको हरेक आइटमको बारेमा तपाईंको संस्कृतिले सधैंजसो के भन्छ विचार गर्नुहोस् । त्यसपछि पदहरु पढ्नुहोस् अनि हामीले के गर्नुपर्दोरहेछ भनी बाइबलले बताएको छ सो बभ्नुहोस् ।

| मूल्य-मान्यता | धर्मशास्त्र | हाम्रो संस्कृति/परम्परा | परमेश्वरको राज्य |
|---|---|---|---|
| पतिको रुपमा हामीले गर्नुपर्ने व्यवहार | कलस्सी ३:२१<br>१ पत्रुस ३:७<br>एफिसी ५:२५,२८,३३ | | |
| पत्नीको रुपमा हामीले गर्नुपर्ने व्यवहार | उत्पति २:१८<br>एफिसी ५२२-२४,३३ | | |
| हामीले बालबालिकालाई गर्नुपर्ने व्यवहार | भजनसङ्ग्रह १२७:३<br>एफिसी ६:४ | | |
| अरुहरुलाई गरिने व्यवहार | मत्ती २२:३६-४० | | |
| | लूका १०:२५-३७ | | |
| शत्रुहरुलाई गरिने व्यवहार | लूका ६:२७-३१ | | |
| कामप्रतिको हाम्रो धारणा | कलस्सी ३:२२-४:१<br>एफिसी ६:७-८ | | |
| वातावरणप्रतिको हाम्रो धारणा | भजनसङ्ग्रह २४:१<br>उत्पति १:२८-३०<br>उत्पति २:१५ | | |
| सबैभन्दा महत्त्वपूर्ण थोक | मत्ती ६:२५-३४<br>मत्ती २२:३६-४० | | |
| मृत्यु र मरिरहेकाहरुप्रति हाम्रो धारणा | यूहन्ना ११:२५-२६<br>हिब्रू २:१४-१५ | | |

| | | | |
|---|---|---|---|
| | प्रकाश १:१७-१८ | | |
| दु:ख-कष्टप्रति हाम्रो धारणा | लूका ६:२२-२३<br>२ कोरिन्थी १:८-११ | | |

**परमेश्वरका सिद्धान्तहरु पत्ता लाउनु**

.................................................................................................

यो हप्ता जब तपाई बाइबल अध्ययन गर्नुहुन्छ, तपाईले आफ्नो जीवनमा लागू गर्न सक्नुहुने परमेश्वरका सिद्धान्तहरु खोज्न शुरु गर्नुपर्दछ । जब तपाई अध्याय वा अनुच्छेद पढ्नुहुन्छ, तल दिइएका चार ओटा प्रश्नहरु मनमनै सोध्नुहोस् ।

१. परमेश्वरको विषयमा यस अनुच्छेदले मलाई सिकाउँदछ ?

२. यस अनुच्छेदले मैले जिउने तरिका बारे के सिकाउँदछ ?

३. यस अनुच्छेदले मैले अरुप्रति गर्नुपर्ने व्यवहार बारे के सिकाउँदछ ?

४.यस अनुच्छेदले मैले वातावरणप्रति गर्नुपर्ने व्यवहार वा मैले गर्नुपर्ने काम वा पैसा चलाउने तरिका, आदि बारे के सिकाउँदछ ?

# पाठ ४: राज्यका मूल्य-मान्यता र कार्य

प्रमुख बुँदा

- हाम्रो जीवनमा काम एउटा महत्त्वपूर्ण क्षेत्र हो, जहाँचाहिँ हामीले परमेश्वरलाई महिमा पुर्‍याउन सक्छौं । बाइबलले हामी आफ्नो काममा कसरी आज्ञाकारी हुनुपर्छ र परमेश्वरलाई महिमा हुने गरी कसरी काम गर्नुपर्छ भनी देखाएको छ ।

*ह्याण्डआउट*

४.१ सानो झुण्ड छलफल निर्देशिका

दृश्य सामाग्री

२ जोन वेस्लीको कार्य निर्देशिका

**परिचय**

.................................................................................................

**<u>समग्र समूहमा छलफल</u>**

- कामलाई सामान्यतया राम्रो वा नराम्रो के ठानिन्छ ?
- काम सम्बन्धी तपाईंका भाषामा प्रयोग गरिने केही उखानहरु के के हुन् ?
  उत्पति १:२८

○ परमेश्वरले आदमलाई दिनुभएका प्रथम निर्देशनहरु के के थिए ?

○ के यो निर्देशन फल खाएर आदमले पाप गरेपछिको वा अघिको थियो ?

उत्पति २:२

○ परमेश्वर के कुरादेखि विश्राम लिनुभयो ?

मर्कूस ६:१-३

○ येशूले शिक्षा दिन थाल्नुअघि के पेशा अङ्गाल्नुभएको थियो ?

माथिका पदहरुमा परमेश्वरले काम गर्नुभएको कुरा देख्यौं । उहाँकै स्वरुपमा बनिएका हुनाले हामी कामका लागि सृष्टि भएका हौं । संसारमा पाप प्रवेश गर्नुअघि समयको प्रारम्भिक बिन्दुदेखि नै मानिसले काम गरेको थियो ।

रुथको पुस्तकमा हामी रुथको बारेमा थाहा पाउँदछौं । उनी आफ्नी सासुसित अनिकालदेखि भाग्दैगरेकी हुन्छिन् । उनी अत्यन्तै गरीब छिन् । उनीहरुले मोआबमा प्रशस्त खाने कुरा छ भनी सुनेका हुनाले उनीहरु त्यतैतिर फर्कन्छन् । रुथले बोआजको खेतमा काम पाउँछिन् । बोआजले उनीमाथि रुचि देखाउँछन् र त्यो कार्यचाहिँ आफ्नी सासुको खातिर गरेकी रहेछिन् भनी उनले चाल पाउँछन् ।

- बोआजले रुथलाई सहायता गर्न के गरे ? ( रुथ २:१५-१६)
- तपाईंको विचारमा उनले रुथलाई गहूँ मात्रै किन दिएनन् ?
  - हामी कामको निम्ति रचिएका हौं, त्यसकारण दयाको पात्र बन्नुमा भन्दा पनि काम गर्नुमा हामीले सम्मान प्राप्त गर्दछौं । रुथले काम गरेकी हुनाले बोआजले उनलाई सम्मान गरेका थिए ।

## कार्यसम्बन्धी बाइबलीय दृष्टिकोण

........................................................................................................

**स-साना झुण्डहरुमा (ह्यान्डआउट ४:१)**

काम गर्नुपर्ने केही कारणहरु के के होलान् ? तल दिइएका पदहरु र तपाईंले यस पाठबाट प्राप्त गर्नुभएका अहिलेसम्मका तपाईंका विचारहरु उपयोग गर्नुहोस् ।

- १ थेस्सलोनिकी ११-१२
- १ तिमोथी ५:८
- एफिसी ४:२८
- १ कोरिन्थी १०:३१

**समग्र झुण्डको रुपमा छलफल गर्नुहोस्**

- के परमेश्वरले हामीले काम गरेको चाहनुहुन्छ भन्ने तपाईंलाई लाग्छ ?

- कामको सन्दर्भमा मानिसहरुमा कस्तो किसिमको धारणा रहेको पाइन्छ ?
- जब परमेश्वरले बगैंचा लाइरहनुभएको थियो, वा येशू सिकर्मी हुनुहुन्थ्यो भने उहाँको धारणा कस्तो थियो होला भनी तपाईं सोच्नुहुन्छ ?
- हामीमा परमेश्वरको जस्तै धारणा कसरी हुन सक्छ होला ?
- हामीले अरु मानिसहरुलाई आफ्नो कामप्रति परमेश्वरको जस्तै सोच विकास गराउन कसरी सहायता गराउन सक्छौं ?

**<u>व्यक्तिगत रुपमा</u>**

- आफ्नो कामप्रति तपाईंको धारणा के हो ?
- के तपाईंलाई आफ्नो सोच परिवर्तन गर्न आवश्यक छ ?

परमेश्वरले कामप्रति जस्तो धारणा राख्नुहुन्छ त्यस्तै धारणा म पनि राख्न सकूँ र तपाईंजस्तै म पनि सोच्न सकूँ भनी प्रार्थना गर्नुहोस् ।

## कार्यका किसिमहरु

....................................................................................................

**<u>समग्र झुण्डको रुपमा छलफल गर्नुहोस् :</u>**

- के तपाईंलाई कतिपय कामहरु अन्य कामभन्दा महत्त्वपूर्ण हुन्छन् भन्ने लाग्दछ ? के कुराले त्यस्ता कामलाई अझै महत्त्वपूर्ण बनाउला ?

**<u>स-साना झुण्डमा :</u>**

- परमेश्वरले आदमलाई कस्तो काम दिनुभयो ?
- परमेश्वरले नूहलाई कस्तो काम दिनुभयो ?
- परमेश्वरले योसेफलाई कस्तो काम दिनुभयो ?
- परमेश्वरले दानिएललाई कस्तो काम दिनुभयो ?
- परमेश्वरले गिदियोनलाई कस्तो काम दिनुभयो ?
- परमेश्वरले मोशालाई कस्तो काम दिनुभयो ?
- परमेश्वरले दाउदलाई कस्तो काम दिनुभयो ?
- के तपाईंलाई ती मानिसहरुले परमेश्वरले दिनुभएको काममा लाग्नुभन्दा पनि मण्डलीमा अगुवाइ गरेको वा वचन प्रचार गर्दै हिँडेको चाहनुहुन्थ्यो भन्ने लाग्छ ?
- के तपाईंलाई पूजाहारीहरुभन्दा ती मानिसहरु निम्न स्तरका वा कम महत्त्वका थिए भन्ने लाग्छ ? उदाहरणार्थ, हारुनको कामभन्दा मोशाको काम कम महत्त्वपूर्ण थियो त ?

कुनै काम उच्च कोटिका हुन्छन् र कुनै कामचाहिँ निम्न कोटिका हुन्छन् भन्ने भाव बाइबलमा भेटिँदैन । ग्रीक संस्कृतिको छापचाहिँ धर्मसुधार अभियान (Reformation) नचलेसम्म इसाई सोच बन्न पुगेको थियो । ग्रीकहरु आत्मिक थोकहरु उच्च कोटिका र परमेश्वरलाई आदर दिने खालका हुन्छन् तर अन्य थोकहरुचाहिँ निम्न कोटिका र परमेश्वरको निम्ति महत्त्वपूर्ण हुँदैनन् भनी विश्वास गर्दथे ।

यद्यपि, यो कुरा बाइबलसँग सम्बन्धित छैन । बाइबल त परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो भन्ने विषयदेखि शुरु हुँदछ । हामीले आराधान तथा प्रशंसा गरेको परमेश्वरले बगैँचा लाउनुभयो । जब हामी बारीमा काम गर्दछौं, परमेश्वरचाहिँ प्रथम माली हुनुहुन्थ्यो भनी हामीले संझनु पर्दछ । परमेश्वरले युगौंअघि जे गर्नुभयो हामीले अहिले सोही गरिरहेका छौं । परमेश्वरले मानिसहरुलाई बारम्बार विभिन्न तरिकाले उहाँको सेवा गर्न बोलाहट दिनुभयो । वचन वक्ता वा सुसमाचार प्रचारक हुनु एउटा सम्मानित सेवा भएझैं माली हुनु, सिकर्मी हुनु वा शिक्षक हुनु पनि त्यतिकै सम्मानित सेवा हो । हामीलाई आत्मिक रुपमा सिकाउनका निम्ति मात्रै मानिसको आवश्यकता पर्दैन तर अन्नपात उब्जाउन, बस्ने घर निर्माण गर्न र हाम्रा बालबालिकालाई सिकाउनको लागि पनि मानिसहरुको जरुरत पर्दछ । दुई सय वर्षअघिका एकदमै प्रसिद्ध इसाई जोन वेस्लीले काम सम्बन्धी निम्न मार्गनिर्देशनहरु प्रस्तुत गरेका थिए :

जोन वेस्लीका मार्गनिर्देशनहरु (दृश्य सामाग्री २)

- कामले तपाईंको स्वास्थ्य बिगार्नु हुँदैन ।
- कामले तपाईंको परिवारलाई असर पार्नु हुँदैन ।
- काम हाम्रो विवेक विपरीत हुनुहुँदैन ।
- कामले हाम्रो छिमेकीलाई वा उसको पैसा आर्जन गर्ने क्षमतालाई हानि पुऱ्याउनु हुँदैन ।
- कामले हाम्रो छिमेकीको शरीरलाई हानि गर्नु हुँदैन ।
- कामले तपाईंको आफ्नो छिमेकीलाई पापतिर उन्मुख गराउनु हुँदैन ।

यी मार्गनिर्देशनहरु भित्र रहेर हामीले सकेसम्म काममा आ-आफ्नो क्षमताहरु प्रयोग गर्नुपर्छ भनी जोन वेस्लीले भनेका थिए । आफ्नो परिवारलाई हेरचाह गर्न, भविष्यको निम्ति बचत गर्न, परमेश्वरको कार्य विस्तारको निम्ति मुठी खोल्न, र निमुखाहरुलाई दिन सकियोस् भन्ने उद्देश्यले हामीले सकेसम्म धेरैभन्दा धेरै पैसा कमाउन प्रयास गर्नुपर्छ । परमेश्वरले हामीलाई दिनुभएको क्षमता, सामर्थ्य र स्वास्थ्य उपयोग गरी हामीले परमेश्वरलाई आदर गरिरहेका हुन्छौं ।

**<u>समग्र झुण्डको रुपमा</u>**

जोन वेस्लीको मार्गनिर्देशन हेर्नुहोस्

- *कामले तपाईंको स्वास्थ्य बिगार्नु हुँदैन – जोखिमपूर्ण काम गर्नुहुँदैन वा तपाईंको क्षमता असुहाउँदिलो काममा संलग्न लाग्नु हुँदैन, जस्तै– बृद्ध मानिसलाई चर्को शारीरिक श्रममा खटाउनु ।*

- *कामले तपाईंको परिवारलाई असर पार्नु हुँदैन –परिवारलाई मतलब नगरी  अबेरसम्म काम गरिरहनु हुँदैन । परिवारलाई हेरचाह गर्नुभन्दा पनि महिनामा अधिकांश समय परिवारदेखि टाढा रहनु पर्ने जागिर पनि हुन सक्छ ।*
- *काम हाम्रो विवेक विपरीत हुनुहुँदैन–कसैलाई लुट्ने वा कोहीमाथि नाजायज फाइदा उठाउने काम गर्नुहुँदैन ।*
- *कामले हाम्रो छिमेकीलाई वा उसको पैसा आर्जन गर्ने क्षमतालाई हानि पुर्‍याउनु हुँदैन –छिमेकीको छेउमा कुनै व्यापार शुरु गरेर ग्राहकहरु आफूतिर तान्न सस्तोमा चीजबीज बेच्नु हुँदैन ।*
- *कामले हाम्रो छिमेकीको शरीरलाई हानि गर्नु हुँदैन –रक्सी तथा चुरोट बेच्ने काम गर्नुहुँदैन ।*
- *कामले तपाईंको आफ्नो छिमेकीलाई पापतिर उन्मुख गराउनु हुँदैन –रक्सी भट्टि वा त्यस्तै प्रकृतिका अन्य व्यवसाय सञ्चालन गर्नुहुँदैन ।*

- यदि हामीले सबै कामद्वारा परमेश्वरलाई नै महिमा हुन्छ भनी विश्वास गर्दछौं भने त्यस दृष्टिकोणले तपाईंको आफ्नो कार्यमा कस्तो प्रभाव पार्दछ ?
- के त्यसले तपाईंले गर्नुहुने आफ्नो कामको तरिकामा प्रभाव पार्दछ ?

## हाम्रो कार्यशैली सम्बन्धी परमेश्वर चासो राख्नुहुन्छ

..........................................................................................

प्रायः भन्ने गरिन्छ–इसाई कामदारहरु घटिया कामदार हुन् ।

- त्यो कुरा साँचो हुन सक्छ भनी तपाईं किन सोच्नुहुन्छ ?
- के यस्तो कुरा तपाईंको क्षेत्रमा भएको छ ?
- तपाईंको विचारमा इसाईहरुले यस्तो किसिमको छवि बनाएकोमा परमेश्वरलाई कस्तो लाग्छ होला ?

बाइबलमा कहिल्यै पनि कुनै काम धेरै महत्त्वपूर्ण र कुनै  कामचाहिँ कम महत्त्वपूर्ण हुन्छ भनी सङ्केत गरिएको पाइँदैन । बरु हामीले गर्नुपर्ने आ-आफ्नो कामको तरिकाचाहिँ बाइबलमा प्रशस्त गरी बताइएको पाइन्छ ।  काम गर्ने तरिकाचाहिँ हाम्रा दिनहरुका महत्त्वपूर्ण हिस्सा हो–निद्रा खुलेपछि अधिकांश समयहरु काममा बिताउँदछौं । त्यसकारण हामीले कसरी काम गर्नुपर्ने हो सो बारे होसियारीपूर्वक विचार गर्नुपर्ने हुन्छ ।

**<u>स-साना झुण्डहरुमा</u>**

तल दिइएका पदहरु हेर्नुहोस् । कामको विषयमा यी पदहरुले के सिकाउँदछन् ? स-साना झुण्डहरुमा बाँडिएर एउटै वाक्यमा सारसंक्षेप लेख्नुहोस् ।

- २ थेस्सलोनिकी ३:१०-१२
- हितोपदेश १०:४
- हितोपदेश १९:१५
- हितोपदेश २१:२५

तपाईंको विचारमा हामीले कसरी काम गर्नुपर्छ भनी यी पदहरुमा के सिकाइएको छ ?

- १ कोरिन्थी १०:३१ –परमेश्वरलाई महिमा दिनु
- कलस्सी ३:२३ –परमेश्वरको निम्ति गरेजस्तै गरी काम गर्नु

**समग्र समूहमा छलफल गर्नुहोस् :**

येशूले आफ्नो जीवनको अधिकांश समयमा सिकर्मी काम गर्नुभयो । येशूलाई सिकर्मीको रुपमा कल्पना गर्नुहोस् ।

- येशूको कामको गुणस्तर कस्तो हुन्थ्यो होला भनी तपाईं सोच्नुहुन्छ ?
- येशूसित वर्कशपमा आफूले काम गरेको कल्पना गर्नुहोस् । येशूझैं त्यही वर्कशपमा काम गर्न कस्तो हुन्थ्यो होला ?
- दिनभरि येशू कसरी काम गर्नुहुन्थ्यो होला ?
- कसैले पनि नेदेखेको बखतमा येशूले कस्तो व्यवहार गर्नुहुन्थ्यो होला ?

धर्मसुधारको समयमा इसाईहरुको कार्य-शैलीमा उल्लेखनीय परिवर्तन आयो । मानिसहरुले बाइबल आफ्नो दैनिक जीवनमा कसरी लागू गर्ने भनी प्रथम पटक बाइबल पढ्न थाले । त्यस समयमा यदि सिकर्मीले टेबल बनायो भने उसले त्यस टेबलको माथिल्लो भाग जति सुन्दर बनाउँथ्यो त्यसको तल्लो भाग पनि त्यतिकै सुन्दर बनाउँदथ्यो । परमेश्वरले माथिल्लो भाग जति मन पराउनुहुन्छ, तल्लो भाग पनि त्यतिकै मन पराउनुहुनेछ भनी सिकर्मीले भन्ने गर्दथ्यो । र, यसरी उसले परमेश्वरलाई खुशी तुल्याउने काम गर्दथ्यो । ती समयमा बनेका चीजबीजहरु पहिला कहिल्यै नबनिएका उच्च गुणस्तरका सामानहरुभित्र पर्दथे ।

**स-साना झुण्डहरुमा : अभिनय भूमिका**

काम छान्नुहोस् अनि त्यसपछि दुई ओटा अभिनय भूमिका सृजना गर्नुहोस् : परमेश्वरलाई महिमा पुऱ्याउने किसिमले काम गरिरहेको एक जना व्यक्ति र परमेश्वरलाई महिमा नपुऱ्याउने किसिमले काम गरिरहेको अर्को व्यक्ति । सबै समूहमा अभिनय गर्न लगाउनुहोस् ।

**झुण्ड-झुण्डमा अभिनय गरिसकेपछि समग्र समूहमा छलफल गर्नुहोस् :**

- तपाईंले देख्नु भएअनुसार अभिनयकर्ताले आफ्नो काममा परमेश्वरलाई महिमा पुऱ्याउन के के गऱ्यो ?
- तपाईंले देख्नु भएअनुसार अभिनयकर्ताले आफ्नो काममा परमेश्वरको महिमा नहुने के के गऱ्यो ?
- दुवै परिस्थितिमा हामीले अझै थप्न सक्ने विचारहरु के के होलान् ?

**व्यक्तिगत मनन**

आफ्नो कामको बारेमा विचार गर्नुहोस् । तपाईंले आफ्नो काममा परमेश्वरलाई महिमा दिन के के गर्नुहुन्छ ? परमेश्वरको अझै महिमा होस् भन्ने उद्देश्यले आफूले अझै राम्ररी गर्नुपर्ने कुराहरु परमेश्वरलाई देखाइमाग्नुहोस् ।

# पाठ ५: परमेश्वरको राज्य-निर्माण

*प्रमुख बुँदा*

- हाम्रो समुदायलाई परमेश्वरको राज्यजस्तै बन्न रुपान्तरण गर्ने उद्देश्यले हामी आफ्नो व्यक्तिगत जीवन र पारिवारिक जीवनमा आज्ञापालक बन्नुपर्दछ ।

*ह्याण्डआउट*

५.१ 'एउटा इसाई परिवारले परिवर्तन ल्याउँछ' कथा

५.२ पोष्टर – व्यक्तिदेखि परिवारसम्म

## राज्य-निर्माण हामीबाट शुरुआत हुन्छ

..........................................................................................

परमेश्वरले हामीलाई कस्तो अचम्मको दर्शन दिनुभएको छ भनी हामीले पाठ एकमा चर्चा गरिसकेका छौं ।

- दर्शन के थियो त ?
  - परमेश्वरको दर्शन
- त्यो दर्शन हासिल गर्न हामीले के गर्न शुरुआत गर्नुपर्छ ?

## रुपान्तरित समुदाय

..........................................................................................

तल दिइएको कथा पढ्नुहोस् ।

एउटा इलाकामा इसाईहरु चरम रुपमा गरीब छन् भनी वर्षौंदेखि थाहा थियो । अधिकांश परिवारहरुको त आयश्रोत पनि थिएन । उनीहरु घरदेखि धेरै परका बारीहरुमा काम गर्न जान बाध्य थिए । अन्नबाली ओसार्न गाडी जाने बाटो नभएकाले उनीहरुले पिठ्यूँकै भरमा बोकेर ल्याउँदथे । अधिकांश परिवारहरुले

आफ्नो अन्नबाट ६ महिनासम्म मात्रै खान पाउँदथे । बाँकी वर्षचाहिँ खाने कुरा खोज्न जँगल चाहर्दथे । उनीहरुलाई आयश्रोतबाट बजेट बनाउने तरिका थाहा नभएकोले ती परिवारहरु हरेक साल ऋणमा डुब्दथे । समुदायमा चर्पी थिएन, मानिसहरु प्रायःगरी बिरामी भइरहन्थे । उनीहरुका स-साना झुप्रा घरहरु थिए । ती पनि चहुन्थे । समुदायमा भएका बालबालिका नियमित रुपमा विद्यालय जाँदैन थिए । मण्डली अति सानो र गरीब थियो । सतावट र आन्तरिक बेमेलको कारण मण्डलीले निरन्तर समस्याहरु सामना गर्नुपर्दथ्यो ।

ती समुदायहरुमा विकासमुखी संघ-संस्थाहरुलाई काम गर्न अनुमति दिइएको थिएन । त्यहाँका मानिसहरुले गरिबीदेखि उन्मुक्ति पाउने आशा त रतिभर पनि थिएन । तर जब त्यस समुदायमा एक दम्पति आएर त्यहाँका मण्डलीका अगुवाहरुलाई आफ्नो छिमेकीलाई कसरी प्रेम गर्ने र परमेश्वरको राज्य भनेको यस्तो हो भनेर सिकाउन थालेपछि त्यहाँ परिवर्तन आयो । त्यस दम्पतिले स्थानीय मण्डलीहरुलाई पैसा दिएनन् तर उनीहरुलाई परमेश्वरका आज्ञाहरु पालन गर्ने विषयमा मात्रै सिकाए ।

मण्डलीहरुले आफ्ना समुदायहरुमा सहायता पुऱ्याएर आफूले सिकेको कुराप्रति प्रत्युत्तर जनाए । उनीहरुले बाटाहरु मर्मत गरे, फराकिलो बनाए । अन्नबाली कटनीको समयमा एकअर्कालाई सहायता पुऱ्याए । उनीहरुले घरहरु बनाउन र मर्मत गर्न सघाउन थाले । चर्पीहरु बनाए । आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाए । आफ्नो पति तथा पत्नीलाई असल व्यवहार गर्न थाले ।
पाँच वर्षभित्रमा समुदायमा पूर्ण रुपमा परिवर्तन आयो । समुदायका अगुवाहरु आएर ती दम्पतिलाई अब हामी गरीब छैनौं भनी बताए । उनीहरुको आम्दानी बढिसकेको थियो । उनीहरु स्वस्थ भइरहेका थिए । अझै भन्नुपर्दा, मण्डली बृद्धि भयो । समुदायका मानिसहरुले मण्डलीले परमेश्वरको प्रेम प्रदर्शित गरेको देखेपछि प्राय सबै जना मानिसहरु विश्वासी भएका भए । स्थानीय अधिकारीहरुसित पनि मण्डलीको सम्बन्ध सुदृढ भयो र त्यसपछि विश्वासीहरुले सतावट खेप्नु परेन ।
ती समुदायहरुमा आएको परिवर्तन हेर्न भनेर जब अन्य संघ-संस्थाबाट इसाई विकास कर्मचारीहरुको समूह आए, उनीहरुलाई यी समुदायहरु पाँच वर्षअघि साँच्चिकै गरीबै थिए त भनी पत्याएनन् । जब उनीहरुले त्यति छोटो समयावधिमा समुदायमा आएको विराट परिवर्तन अन्तमा आत्मसात गरे, उनीहरु तीनछक परे । उनीहरुले हरेक अगुवाई सोध्न थाले,“यस्तो परिवर्तन ल्याउन तपाईंले के गर्नुभयो ?”

ती अगुवाहरुले के भने तपाईंलाई थाहा छ ? सबैले एउटै जबाफ दिए,“हामी त परमेश्वरका आज्ञापालक मात्रै बन्यौं ।”

**<u>समग्र समूहमा छलफल गर्नुहोस् :</u>**

- यस समुदायमा केले परिवर्तन ल्यायो ?
- के यी आत्मिक वा भौतिक कुरा हुन् ?
- जब इसाई विकास कर्मचारीहरुले समुदायलाई परिवर्तन ल्याउन के गर्नुभयो भनी सोध्दाखेरि तपाईंको विचारमा उनीहरुले कस्तो जबाफ पाउने अपेक्षा राखेका थिए ?

- प्रत्येक व्यक्तिले के जबाफ दिए ?
- मण्डलीहरुले परमेश्वरप्रतिको आज्ञापालन देखाउन समुदायमा कस्तो काम गरे ?

## हाम्रो समुदायलाई रुपान्तरण गर्ने तरिका

..............................................................................................

यदि हाम्रा समुदायहरु रुपान्तरित भएको देख्न चाहन्छौं भने हामी परमेश्वरको आज्ञापालन अनुसार चल्नुपर्दछ । हामीले आफ्नो जीवनलाई परिवर्तन गरेर रुपान्तरणको पहिलो चरण थाल्नु आवश्यक हुन्छ । हामीले गर्ने हरेक थोकमा परमेश्वरको राज्यका मूल्य-मान्यताहरु लागू गर्न थाल्नुपर्दछ ।

**समग्र समूहमा छलफल गर्नुहोस् :**

- यदि हामीले हरेक दिनको हरेक क्षणमा परमेश्वरको इच्छा पालन गर्‍यौं भने हाम्रो जीवन कस्तो हुन्थ्यो होला ?
- तपाईंले हरेक दिन गर्नुहुने केही कुराहरु सोच्नुहोस् । यदि तपाईंले परमेश्वरको आज्ञा हरेक दिन हरेक क्षण पालन गर्नुभएको भए के तपाईं ती कुराहरु गर्नुहुन्थ्यो होला त ? के तपाईं अर्कै किसिमले गर्नुहुन्थ्यो त ?
- सुत्नु, खानु, खाना तयार पार्नु, बारीमा काम गर्नु वा पानी ल्याउनुजस्ता सामान्य कामकाजमा परमेश्वरको इच्छाले कस्तो प्रभाव पार्दछ ? हामीले गर्ने ती कुराप्रति के परमेश्वरले चासो राख्नुहुन्छ ?
- मत्ती ६:२५-३३ पढ्नुहोस्
    - मानिसहरु केका निम्चि चिन्तित थिए ? के ती आत्मिक थोक थिए वा सामान्य कुरा थिए ?
    - येशूको प्रतिक्रिया कस्तो थियो ?
    - तपाईंको विचारमा येशूले भन्न खोज्नुभएको कुरा के थियो ? हामीले हरेक थोकमा परमेश्वरको राज्य कसरी खोजी गर्न सक्दछौं ?

जब मानिसहरु हामीले के खाने र के पिउने भनी चिन्तित भएर येशूकहाँ आए, उहाँले "पहिले परमेश्वरको राज्य खोजी गर" भनी जबाफ दिनुभएको कुरा अन्योलपूर्ण हुन सक्छ । त्यसको अर्थ के हो ? के यसको अर्थ हामीले ती चीजहरुको खोजी गर्नुहुँदैन तर प्रार्थना जस्ता आत्मिक थोकहरु गरेर मात्रै हाम्रा सबै समय बिताउनु भनेको हो र ? साँच्चिनै यस्तै गर्‍यौं भने के हाम्रो जीवन सिद्ध बन्थ्यो र ?

सौभाग्यको कुरा, हाम्रो निम्ति सिद्ध जीवन जिउने र परमेश्वरको इच्छा हरघडी पालन गर्ने
कोही व्यक्ति थियो : येशू (यूहन्ना १४:३१) । सबैभन्दा पहिला परमेश्वरको राज्य खोजी गर्नुको अभिप्राय के रहेछ सो बुझ्न हामी उहाँको जीवन हेर्न सक्दछौं । तल दिइएका पदहरु हेर्नुहोस् । येशूले गर्नुभएका केही कार्य बारे यी पदहरुमा के के सिकाइएका छन् ?

- मर्कूस ६:३ –तीस वर्षको उमेरसम्म उहाँ सिकर्मी हुनुहुन्थ्यो । उहाँलाई आफ्नो समुदायमा अलौकिक आत्मिक गुरुको रुपमा नभएर एउटा साधारण मानिसको रुपमा हेरिएको थियो । येशू सिकर्मी हुनुहुँदा पनि उहाँले जीवनचाहिँ सिद्ध नै जिइरहनुभएको थियो । येशूको जीवनमा त्यस्तो क्षण कहिले भएन, जुन बेला उहाँ आफ्नो जीवनप्रतिको परमेश्वरको इच्छादेखि तर्केर जानुभयो । लगभग दश वर्षको उमेरदेखि तीस वर्षको उमेरसम्म परमेश्वरले येशूलाई आफ्नो परिवारको व्यवसायअनुसार चल्न र सिकर्मी भइरहन नै इच्छा गर्नुभयो ।
- यूहन्ना २१:९-१४ –येशूले चेलाहरुका निम्ति खाना पकाउनुभयो ।
- मर्कूस ४:३८– येशू थाक्नुभयो र आराम गर्नुभयो ।
- यूहन्ना २:१-२ – येशू विवाहमा सहभागी हुनुभयो ।
- ती कुराहरु आत्मिक थिए कि भौतिक कुरा थिए ?
    - ती कुराहरु भौतिक कुरा थिए । यद्यपि, येशूले ती चीजहरुमा आफ्नो समय बिताउनुभयो । उहाँले हरेक क्षण परमेश्वरको राज्य नै खोजिगरहेको बखतमा पनि उहाँले धेरै ओटा यस्ता सामान्य कामहरुमा समय बिताउनुभयो । त्यस समयमा उहाँ परमेश्वरको इच्छादेखि बाहेक हुनुभएन तर परमेश्वरकै सेवा पूर्ण रुपमा गरिरहनुभएको हुन्थ्यो

मर्कूस १:२१-३४ पढ्नुहोस् ।

- येशूले यस दिनमा गर्नुभएका केही गतिविधिहरु के के हुन् ?

यी पदहरुमा येशूको जीवनमा विश्राम दिन देख्दछौं । उहाँले विहानै *सभाघर* (Synagogue) मा शिक्षा दिन समय बिताउनुभयो । अनि, त्यसपछि उहाँ पत्रुसको घरमा फर्केर जानुभयो र उनकी सासुलाई निको पारेपछि दिउँसो विश्राम गर्नुभयो । त्यस बेला पत्रुसकी सासुले उहाँको सेवाटहल गरिन् ।

- हामीले शनिबार बिताउने समयसित येशूले बिताउनु भएको समय कसरी तुलना हुन्छ ? फरक के छ ? र, मिल्दोजुल्दो के छ ?

हामीलाई थाहा छ–येशू ख्रीष्टको जीवनका अघिल्ला वर्षहरुमा उहाँ सिकर्मी हुनुभयो । उहाँले अरुहरुलाई सिकाउन थाल्नुहुँदा पनि उहाँले हरेक घण्टा प्रार्थना र शिक्षामै बिताउनुभएन । उहाँले आफ्ना मित्रहरुसित खाना खानुभयो, साथीहरुलाई सेवा गर्नुभयो, सुत्नुभयो र विश्राम गर्नुभयो । उहाँले गर्नुभएको हरेक थोक पूर्ण र परमेश्वरको इच्छाअनुसारको थियो । उहाँले अन्य सामान्य कामहरु गर्दा पनि परमेश्वरले आफूलाई गराउन चाहनुभएको काम पनि गरिरहनुभएकै हुन्थ्यो ।

## ब्रदर लरेन्स
## (Brother Lawrence)

........................................................................................................

सन १९०८ मा फ्रान्समा एक जना व्यक्तिको जन्म भयो । उनी १८ वर्षको उमेरमा इसाई भए र बीस-बाइसे उमेरमै पूर्ण रुपमा परमेश्वरको सेवा गर्ने भनेर उनले आफ्नो जीवन परमेश्वरमा अर्पण गर्ने निर्णय गरेका थिए । उनी इसाई भिक्षुलय (Monastery) मा प्रवेश गरेपछि उनलाई ब्रदर लरेन्स नाम दिइयो । भिक्षुलयमा बस्दा च्यापलमा हर समय प्रार्थना र परमेश्वरकै आराधनामा समय बिताउँदै बस्नु पर्ने होला भनी कल्पना गरेका थिए । यद्यपि, उनले आफूलाई भान्साका जिम्मेवारीहरु दिइएको थाहा पाए । अरु व्यक्तिहरु च्यापलमा हुँदा आफूचाहिँ भान्सामा दश वर्षसम्म हुनुपर्दा उनलाई निको लागेको थिएन । आफूलाई यस्तो तातो न छारोको काम दिइयो भनेर उनी नाराज भएका थिए ।

**सा-साना समूहहरुमा**

- यदि तपाईंले ब्रदर लरेन्सलाई त्यस दश वर्षभित्र भेट्नुभएको भए, तपाईंले उनलाई कस्तो सल्लाह दिनुहुन्थ्यो ?
- ब्रदर लरेन्सले भान्सामा घरेको कामचाहिँ भिक्षुहरुले च्यापलमा गरेको क्रियकलापभन्दा कम महत्त्वपूर्ण थियो भन्ने के तपाईंलाई लाग्छ ?
- तल दिइएका पदहरु पढेर यस परिस्थितिमा ती पदहरु कसरी लागू हुन्छन् विचार गर्नुहोस् :
    - मत्ती २५ :४० (३४-४०)
    - १ कोरिन्थी १०:३१
    - १ कोरिन्थी १३: १-३

दश वर्षपछि ब्रदर लरेन्सले आफू जहाँ भए पनि मैले परमेश्वरको सेवा गर्न सक्ने रहेछु भनी महसुस गरे । उनी भान्सामै रहे तर पनि उनले च्यापलमा परमेश्वरको आराधना गरिरहेको जतिकै परमेश्वरको उपस्थितिमा आफू भएको अनुभव गर्न थाले ।

परमेश्वरले पापकर्म बाहेक हामीले गर्ने कामभन्दा पनि हामीले त्यस कामलाई कसरी गर्दछौं भन्ने कुरामा अझै बढी चासो राख्नुहुन्छ भन्ने कुरा बाइबलले बताउँदछ । हामीले गर्ने हरेक थोकद्वारा हामी परमेश्वरलाई महिमा पुऱ्याउन सक्छौं ।

## व्यक्तिदेखि परिवार, परिवारदेखि समुदाय

.................................................................................

रुपान्तरण व्यक्ति-व्यक्तिबाट शुरु हुन्छ अनि परिवारदेखि समुदाय र समुदायदेखि राष्ट्रसम्म फैलँदैजान्छ । यो प्रक्रिया हो । जब व्यक्ति-व्यक्ति र परिवार-परिवारले परमेश्वरको आज्ञा पालन गर्दछन्, उनीहरुका आ-आफ्ना समुदायहरुमा त्यसको छाप पर्दछ । जब समुदाय-समुदाय परमेश्वरको आज्ञा पालन गर्दछन्, त्यसले आफू वरिपरिका अन्य समुदायहरुलाई अनि राष्ट्रलाई नै प्रभाव पार्दछ ।




**परिवारहरु**

.........................................................................................................

तल दिइएका पदहरु पढ्नुहोस् :

- व्यवस्था ६:७
- तीतस २:३-४
- १ तिमोथी ३:१२
- तीतस १:६
- हामीले आ-आफ्ना परिवारलाई कसरी प्रभाव पार्नु पर्ने रहेछ ?

*हामी यी चारै क्षेत्रहरुमा बढ्नुपर्ने रहेछ ।*

**स-साना झुण्डहरुमा**

तपाईंको आफ्नो बलबुताले भ्याएसम्म आफ्नो परिवारलाई चारै क्षेत्रहरुमा बढ्न सहायता पुऱ्याउनको लागि विभिन्न उपायहरु खोज्नुहोस् । प्रत्येक क्षेत्र अन्तर्गत (सामाजिक, आत्मिक, शारीरिक र मानसिक) यस हप्ता गर्नुपर्ने ए-एउटा कुरा उनीहरुलाई रोज्न लगाउनुहोस्

**समुदायहरु**

.........................................................................................................

जब परिवारहरु रुपान्तरित हुन्छन्, उनीहरु आफ्ना समुदायहरु परिवर्तन भएको देख्न चाहन्छन् । समुदायमा परिवर्तन ल्याउने एक जना मानिस र उनको परिवारको कहानी पढ्नुहोस् । (लेखपढ गर्ने सक्ने कक्षाको लागि ह्यान्डआउट ५.१ दिनुहोस् अनि उनीहरुलाई व्यक्तिगत रुपमा पढ्न लाउनुहोस् ।) योचाहिँ प्रभुको साक्षी बाँड्ने मानिस नै नभएको इलाकामा आफ्नो परिवारसहित बसाइँ गएको एक जना मानिसको साँचो कहानी हो । उनी त्यस ठाउँमा परमेश्वरको राज्य निर्माण भएको र मानिसहरुका जीवन आत्मिक, सामाजिक, मानसिक र शारीरिक चारै क्षेत्रहरुमा पुनर्स्थापित भएको देख्न चाहन्थे ।

**एउटा इसाई परिवारले परिर्वतन ल्याउन सक्ने रहेछ !**

चार वर्षअघि एक जना प्रचारक पूरै हिन्दु समुदाय भएको गाउँमा बस्न गए । त्यो गाउँचाहिँ समुद्री सतहदेखि एक हजार फिट उचाइमा हिमालय क्षेत्रमा अवस्थित थियो । त्यस गाउँदेखि केही किलो मिटर पर चिया बगान थियो । त्यही बगानले गाउँलेहरुलाई मुख्य रोजगार दिएको थियो । पारिश्रमिक न्यून भएकोले बगानमा कामै पाएको भए पनि खाना-लाउन गाउँलेहरुलाई धौधौ थियो ।

त्यस गाउँमा जस्ताले छाएका काठले बनेका पुराना पच्चीस ओटा जति घरहरु थिए । गाउँमा चर्पीको बन्दोबस्त थिएन । धेरै उचाइ भएकोले त्यहाँ धेरै चिसो थियो । तर केटाकेटीहरु खाली खुट्टा हिँड्थे, उनीहरुका पेट भुक्क फुलेका हुन्थे ।

बारीको स-सानो टुक्रामा घर बनेको थियो । खानाचाहिँ छुट्टै खुला ठाउँमा तीन ओटा ढुङ्गाको चुलो बनाएर धुवाँसै-धुवाँसो लागेको सानो कचौडीजस्तो भाँडामा पकाइन्थ्यो । केही कुखुराहरु घरभित्र घरबाहिर कुदिरहेका हुन्थे । घरवरिपरि फोहोरै-फोहोर थियो ।

सबैभन्दा नजिकको विद्यालय भनेको दुई किलो मिटर पर पर्दथ्यो । मसिना बालबालिकालाई दैनिक रुपमा ओहोर-दोहोर गर्न धेरै टाढा हुन्थ्यो । उनीहरुले घर वरिपरिको काम भ्याउनु पर्दथ्यो । त्यसकारण अधिकांश बालबालिकाहरु विद्यालय जाँदैन थिए । धेरैजसो प्रौढ व्यक्तिहरु लेखपढ गर्न जान्दैनथिए । यसकारण लेखपढ गर्न जान्ने अरु गाउँका मानिसहरुले उनीहरुमाथि सधैँ फाइदा लुट्दथे ।

सबैभन्दा नजिकको पानी ट्याङ्की भनेकै दुई किलो मिटर टाढा पर्ने भएकोले त्यस गाउँमा सब्जीहरु एकदमै थोरै लगाइएका हुन्थे । सागसब्जीमा पानी हाल्नु त के कुरा, पिउन र धुइधाइ गर्नका निम्ति पानी ओसार्नु नै हम्मे पर्दथ्यो । कुनै समयमा त्यहाँ पानीको पाइप त बिछ्याइएका रहेछ तर पाइप बिग्रेपछि त्यसलाई गाउँलेहरुले मर्मत भने गरेका रहेनछन् ।

धान रोप्ने मौसममा धान रोप्न पुग्ने गरी पानी पर्नु बाहेक अन्य मौसमहरुमा पानी विरलै पर्दथ्यो । सागसब्जी उमार्न प्रयाप्त ठाउँ वा मौसम पुग्दैन थियो । यदि उनीहरुलाई भाग्यले साथ दिएमा अर्को धान बाली नभित्र्याएसम्मका निम्ति पुग्दो धान बाली कटनी गर्न पाउँदथे ।

गाउँलेहरु हिन्दु भएका हुनाले उनीहरु धेरै किसिमका देवी-देवताहरु पुज्दथे । त्यस गाउँमा दश लाखभन्दा बढी देवी-देवताहरु थिए, जसलाई गाउँलेहरुले खुशी तुल्याउनु र पूजा गर्नुपर्दछ । हिन्दु देवी-देवताहरुका स-साना धेरै मूर्तिहरु गाउँभरि थिए । गाउँलेहरु जति पटक खाना खान बस्दथे, त्यति नै पटक खानाका केही अंशहरु भड्किरहेका आत्मालाई चढाउन भूइँमा छर्दथे ।

गाउँमा आकूलता र निराशाले छाएको थियो । अर्को जन्ममा चाहिँ सायद सुख पाइएला कि भन्ने उनीहरुमा एउटै आशा थियो । तर यदि उनीहरुले कथम्कदाचित पूजेका ईश्वर बेखुशी भएमा उनीहरु

मुसा वा कुकुरको जुनी लिनुपर्ने हुन्थ्यो । उनीहरु उम्कने बाटो र उत्तम उपाय नपाएर आफू जेलिएको महसुस गर्दथे ।

त्यस गाउँमा बस्न जाने प्रचारकचाहिँ लेप्चा थिए । मानिसहरुलाई उनीहरुको स्वास्थ्यमा सुधार ल्याउन सहायता गर्ने विषयमा जान्न उनले एक महिनाको आधारभूत कोर्स अध्ययन गरे । कोर्स सकिसकेपछि आफ्ना छिमेकीहरुलाई आफूले सिकेको कुरा बताएर सहायता गर्न सकूँ भनी उनी परिवारसहित त्यस गाउँमा बस्न गए । उनीहरुसित भान्सा घरसहितको एकदमै सफा कम्पाउण्ड थियो । उनीहरुका भान्सा घरमा अगेनु अग्लो खालको भएकोले पकाउन सजिलो र दाउरा पनि कम लाग्दथ्यो । कुखुरा राख्न सानो खोर पनि थियो । उनीहरुले आफ्ना बालबालिकाकालाई पौष्टिक आहारा प्राप्त हुने सानो सब्जी बारी कमाएका थिए । चर्पी बाहिर थियो, गाउँमा झाडापखालाले अन्य बालबालिका बिरामी भइरहेजस्तै उनीहरुका आफ्ना बालबालिका बिरामी भएको देखिदैनथिए ।

पानी नपरेको ऋतुमा पानी प्रयोग गर्ने उद्देश्यले लेप्चाले आकाशे पानीलाई सञ्चय गर्न टिनको छानामाथि पाइप जोडेर एउटा जार राखेका थिए । अरुहरुले त्यो तरिका अप्नाए, र अहिलेचाहिँ उनीहरुले पनि वर्षा ऋतुमा पानी सञ्चय गर्दछन् ।

मुहानदेखि गाउँमा पानी ल्याउने उद्देश्यले उनीहरुले समुदायका मानिसहरुलाई मिलेर पाइप बिछ्याउन लगाए । र, अहिले गाउँलेहरुसित प्रयाप्त पिउने पानी उपलब्ध छ, यतिसम्म कि उनीहरुका करेसा-बारीलाई समेत पुग्ने पानी छ । धेरै जसो मानिसहरुले कुखुराको खोर  र दुर्गन्ध नआउने वा झिंगा नबस्ने चर्पीहरु बनाएका छन् ।

जब लेप्चा परिवार त्यस ठाउँमा आए, उनीहरुले पढ्न-लेख्न चाहने प्रौढ मानिसहरु र बालबालिकालाई सिकाउन थाले । उनीहरुले बालबालिका र किशोर-किशोरीहरुलाई पढ्ने तरिका सिकाउन थाले । आज, त्यस गाउँमा बालबालिकाको निम्ति कक्षा चारसम्म पढाइ हुने आफ्नै विद्यालय छ ।
त्यस गाउँका पच्चीस परिवाहरुमध्ये तेईस परिवारहरुले प्रभु येशूलाई विश्वास गरेका हुनाले त्यहाँ एउटा सानो मण्डली भवन पनि छ । यो सबै कुरा एउटा परिवारले वचन र व्यवहारद्वारा येशू ख्रीष्ट चिनाएको हुनाले भएको हो ।

मानिसहरुले प्राप्ति महसुस गरेका छन् र हामी स्वस्थ जीवन जिउन सक्छौं भनी उनीहरुले बुझेका छन् किनभने एक परिवारले त्यस गाउँमा गएर उनीहरुसित प्रयाप्त मात्रामा दुःख-सुख बाँडेका थिए ।

यही कहानी उत्तरपूर्वी भारत र पूर्वी नेपालका गाउँहरुमा घरिघरि बताउँदै आइएको छ । अहिले १२० ओटा गाउँहरुमा त्यस्तै घटनाहरु घटिरहेका छन् । मानिसहरुको जीवन भौतिक रुपमा बद्लिएको छ । लेप्चा प्रचारक झैं जब एक इसाई परिवारले आफ्नो समुदाय परिवर्तन भएको सपना देख्दछ, र यदि

उनीहरु परमेश्वरको इच्छा खोज्दछन् र परमेश्वरबाट प्राप्त दर्शनअनुसार उनीहरु चल्न तत्पर हुन्छन् भने परमेश्वरबाट शक्तिशाली कार्यहरु हुनेछन् । मण्डलीका मुख्य-मुख्य व्यक्तिहरुलाई तालिम दिएर कतिपय परिवार नमूनाहरु चर्चआधारित नमूनाहरुमा बदलिएका छन् । मण्डली आधारित नमूनाचाहिँ भविष्यमा समुदाय आधारित नमूना बनोस् हाम्रो प्रार्थना छ ।

- लेप्चाले समुदायमा ल्याएका परिवर्तनहरु के के थिए ? एक पल्ट फेरि कथामा हेर्नुहोस् अनि सामाजिक, आत्मिक, मानसिक र भौतिक शीर्षक अन्तर्गत परिवर्तनहरुको सूची बनाउनुहोस् ।
- उनले कसरी ती परिवर्तनहरु ल्याए ? उनले कोबाट परिवर्तन ल्याउन शुरुआत गरे ?
- लेप्चाको कारणले समुदाय कसरी परिवर्तन भयो ?
- तपाईं आफ्नो समुदायमा लेप्चाभैंm कसरी बन्न सक्नुहुन्छ ?

## परमेश्वरको राज्य निर्माण गर्ने व्यक्तिहरुका उदाहरणहरु

..................................................................................

अब बाँकी रहेका कहानीहरु पढ्नुहोस् अनि हरेक कहानी पढिसकेपछि दिइएका प्रश्नहरुको जबाफ दिनुहोस् ।

**अस्पतालहरुमा जानु**

सुसमाचार बन्देज भएको देशमा एक जना पाष्टर मस्जिदहरुमा सुसमाचार पर्चाहरु बाँडिरहेका हुन्थे । सरकार राजी नभएकोले ती पाष्टरको आधिकारिक सेवकाइ हैंसियत खोसिदियो । उनका सुसमाचार तौरतरिकाहरु मन पराइएन । एक दिन उनी तालीममा सहभागी भए अनि उनले त्यहाँ कार्यद्वारा परमेश्वरको देखाउनुपर्ने भन्ने विषयमा सिके । उनले नयाँ योजना मनमनै बनाए । त्यसपछि उनले चार जना स्वयम्सेवकहरु लिएर रोटी किने अनि अस्पतालमा भएका बिरामीहरुलाई भेट्न, रोटी बाँड्न र उनीहरुका निम्ति प्रार्थना सकूँ भनी उनले अस्पताल प्रमुखसित अनुमति मागे । उनको टोली अनुमति पाए । तर उनीहरुलाई अत्यन्तै गाह्रो कक्षहरुमा पठाइयो, जहाँचाहिँ निको नहुने मानसिक रोगीहरु राखिएका थिए । धेरै वर्षदेखि बोल्न नसक्ने भएका एक जना रोगी त्यस कोठामा थियो । ऊ हिँड्नका साटो चारपाउले घस्रेर हिँड्दथ्यो । उसको अनुहार सुनिएर भुकभुक भएको र अनुहार पूरै कुरुप भएको थियो । उसको एउटा कान बढेर हात्तीको कानभैंm देखिन्थ्यो । ऊ डरलाग्दो गनाइरहेको थियो । ऊ एकदमै फोहोरी थियो । त्यस टोलीले त्यो रोगीमाथि हात राखेर प्रार्थना गऱ्यो । उनीहरुले हात नधोएसम्म अन्य केही चीज पनि छोएनन् ।

अर्को हप्तातिर पाष्टर र स्वयम्सेवकहरु फर्केर आए । उनीहरुलाई मनोचिकित्सा कक्षको बार पछाडि एक जना अग्लो, दुब्लो मानिसले भेट्यो । उनीहरुले ती व्यक्तिलाई हामीलाई मुख्य बिरामीहरु भएका ठाउँमा लैजान भने । ती व्यक्तिले तपाईंहरुले गत हप्ता प्रार्थना गरिदिनुभएको मानिस म नै हुँ भनी

कुरा खोले । उनीहरुको प्रार्थनाले त्यस व्यक्तिको जीवनमा धेरै परिवर्तन आएको हुनाले फेरि पनि प्रार्थना गरिदिएको उनी चाहन्थे । यद्यपि, उनीहरुले तिनलाई ठम्याउन नसकेकाले हामीलाई अरु बिरामीहरु भएका ठाउँतिर लैजान भने । उनले त्यसै गरे । र, त्यहाँको कर्मचारीले पनि तपाईंहरुले अघिल्लो हप्ता प्रार्थना गरिदिनुभएको डरलाग्दो मानिस यिनै हुन् भनी पुष्टि गरे । सेवक झुण्ड तीनछक्क परे । ती व्यक्ति निको भएका थिए । उनी हिँडडुल र कुराकानी गर्ने भएका थिए । उनी लेख्न सक्ने पनि भएका थिए । निको नहुने रोगदेखि निको हुने रोग भनी उनको रोग निदानमा परिवर्तन  भयो ।

समय बित्दै जाँदा सेवक झुण्ड निरन्तर रुपमा आवत-जावत गरिरह्यो, बिरामीहरुका निम्ति खाने कुरा तथा कपडा ल्याइरह्यो र प्रार्थना गरिरह्यो । अन्य बिरामीहरले पनि त्यस्तै किसिमले प्रत्युत्तर जनाउन थाले । पछि गएर सेवक झुण्डलाई सबै आठ सय बिरामीहरु र अस्पतालका कर्मचारीहरु बीच सेवा गर्न बोलाइयो । परमेश्वरले उनीहरुका श्रोतहरु बृद्धि गराउँदै लानुभयो । मानिसरुले उनीहको सेवकाइ सम्बन्धी थाहा पाउँदै गए । तीन वर्षभित्रमा र स्थानीय अधिकारीहरुको शुभेच्छाको कारणले ठूलो झुण्ड बनेको सेवक समूहले पाँच ओटा अस्पतालहरुमा  साप्ताहिक रुपमा २६००० मानिसहरु, पाँच ओटा अनाथालयहरु, दुई जना कैदीहरु र दूर्व्यसनीहरुको पुनर्स्थापना केन्द्रमा सेवा पुऱ्याइरहेका थिए । उनीहरुले सडक बालबालिका र सुकुमवासीहरु बीच पनि सेवकाइ गर्न थाले ।

- यस कथामा के भयो ?
- यी सबै कुरा केद्वारा शुरुआत भयो ?
- उनले के गरे ?
- प्रतिफल के भयो ?
- के उनको सेवाद्वारा उनको समुदाय अहिले परमेश्वरले चाहनुभएजस्तै बन्दैछ ?
- यस कथाबाट के हामी सिक्न सक्छौं ?

**सतावटदेखि नेतृत्वसम्म**

सुसमाचार बन्देज भएको अर्के देशमा एक जना पाष्टर थिए, जसलाई सधैं प्रहरी चौकीमा सोधपुछ गर्न बोलाइन्थ्यो । उनले सञ्चालन गरेको तालिममा एक वर्षमा कमसेकम ६ पटक प्रहरी आउने गर्दथ्यो र उनलाई प्रहरी चौकीमा लिएर जान्थ्यो । एक दिन उनले परमेश्वरको राज्य निर्माण गर्ने अवधारणा बारे सिकेका हुनाले आफ्नो मण्डलीका विश्वासीहरुलाई ती अवधारणाहरु सिकाउन थाले । उनले आफ्ना विश्वासीहरुलाई आ-आफ्ना छिमेकीहरुको सेवा गर्न र आ-आफ्नो समुदायहरुलाई परमेश्वरले चाहनुभए अनुसार बनाउने अवसरहरु खोजी गर्न हौसला प्रदान गरे ।

मण्डलीहरुले गरीबहरुको सेवा गर्ने, विधुवाहरुका निम्ति घर बनाइदिने, बाटोघाटो मर्मत गर्ने , चर्पीहरु निर्माण गरिदिने जस्ता विभिन्न किसिमका परियोजनाहरु सञ्चालनमा ल्याए । मण्डली बढ्दै गयो र

विश्वासीहरु परिपक्व हुँदै गए । जाँडरक्सी र जुवातास जस्ता सामाजिक विकृतिहरु समुदायमा ठ्याप्पै रोकिए । विस्तारै सरकारी निकायहरुले पाष्टर र मण्डलीहरुले समुदायमा पारिरहेको सकारात्मक प्रभाव बारे थाहा पाए । परिणाम स्वरुप, उनीहरुले पाष्टरलाई त्यस इलाकामा नयाँ सरकारी अगुवा बनाइदिए । समुदायमा भएका हरेक व्यक्तिले स्वास्थ्य शिक्षाहरु अरुहरुलाई पनि सिकाउन सकून् भन्ने हेतुले आफ्नो मातहतका व्यक्तिहरुलाई स्वास्थ्य शिक्षा बारे सिकाएर पाष्टरले आफ्नो नयाँ भूमिका अगाडि बढाए । अहिले त्यस समुदायका मानिसहरुको स्वास्थ्य स्थिति सुधारोन्मुख छ ।

- पाष्टरले के काम गरे ?
- उनले कुन तरिकाले परमेश्वरको राज्य निर्माण गरिरहेका छन् ?
- कस्तो प्रतिफल प्राप्त भएछ ?
- यस कथाबाट हामीले आफ्नो जीवनमा लागू गर्न सक्ने पाठहरु के के हुन् ?

**बालबालिका विद्यालय गएका**

एउटा इलाकामा विद्यालय जाने बालबालिकाको सङ्ख्या धेरै न्यून थियो । एक जना व्यक्तिले शिक्षाको महत्त्व बुझेकोले बालबालिकालाई विद्यालय पठाउन केही गर्नुपर्ला भनी निर्णय गऱ्यो । उनले त्यस समस्या बारे मण्डलीमा भएका अन्य विश्वासीहरुसित कुराकानी गरे । अनि, त्यसपछि त्यो समस्या समाधान गर्नको लागि उनीसित सहकार्य गर्न इच्छुक व्यक्तिहरुको सानो टोली बनाए । बालबालिकालाई विद्यालय पठाउनुहोस् भनी हरेक परिवारलाई उत्साह दिन उनीहरुले घरदैलो कार्यक्रम शुरुआत गरे । परिणाम स्वरुप, उनको इलाकाका सबै बालबालिकाहरु विद्यालय गए । अन्य इलाकाका शिक्षा पदाधिकारीहरुले उनको समुदायमा भइरहेको घटना बारे थाहा पाएका हुनाले उनलाई अन्य क्षेत्रहरुमा गएर त्यहाँका अभिभावकहरुलाई पनि आ-आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउन हौसला दिनुहोस् भनी अनुरोध गरे । अहिले उनका गाउँका बालबालिका मात्रै होइनन्, तर छिमेकी गाउँहरुका बालबालिकाहरु पनि विद्यालय गइरहेका छन् ।

- यी व्यक्तिले परमेश्वरको राज्य कसरी निर्माण गरिरहेका छन् ?
- हाम्रो समुदायमा पनि यस्तै किसिमको कार्य गर्न कतिको संभव हुन सक्छ ?

हामी सबै जना हाम्रा समुदायहरुमा परिवर्तन ल्याउने कोही व्यक्ति बन्न सक्छौं । उनीहरु विशेष किसिमका वा छुट्टै वरदान पाएका व्यक्तिहरु थिएनन् । उनीहरु तपाईं र मजस्तै साधारण व्यक्तिहरु थिए । कति जना त अलिअलि मात्रै लेखपढ्न गर्न जान्ने थिए तर उनीहरु सबै जना परमेश्वरको राज्य निर्माण गर्न आ-आफ्नो तर्फबाट समुदायमा जे जे गर्न सक्थे त्यसका निम्ति उनीहरु तम्तयार भए ।

## राज्य निर्माणकर्ता बन्ने तरिका

..........................................................................................................

परमेश्वरले आफूले गर्न चाहनुभएको सबै थोक गर्न सक्नुहुन्छ । उहाँले हामीबिना पनि आफ्नो राज्य निर्माण गर्न सक्नुहुन्छ । तर उहाँको योजना त्यस्तो छैन । हामीलाई उहाँको राज्य निर्माणमा प्रयोग गर्ने उहाँसित योजना छ । परमेश्वरको राज्य निर्माणचाहिँ हामीबाट शुरुआत हुन्छ । *ह्याण्डआउट ५.३* पढ्नुहोस् अथवा सहभागीहरुलाई दिनुहोस् । सहभागीहरुलाई परमेश्वरको राज्य निर्माणमा तपाईंहरु कसरी प्रत्युत्तर जनाउन सक्नुहुन्छ सो बारे प्रार्थनासहित मनन गर्नुहोस् भनी अनुरोध गर्नुहोस् ।

*ह्याण्डआउट ५.३* : **राज्य निर्माणकर्ता बन्ने तरिका**

### १.आफैबाट शुरुआत गर्नु

आफैलाई जाँच्नु नै तपाईंको आफ्नो जीवनमा, तपाईंको परिवारमा, तपाईंको मण्डलीमा, तपाईंको समुदायमा र संसारमा परमेश्वरको राज्य निर्माणको प्रथम खुड्किला हो । के तपाईं परमेश्वरद्वारा प्रयोग गरिन तत्पर हुनुहुन्छ ? के तपाईं आफ्नो जीवनको हरेक क्षेत्रमा परमेश्वरप्रति आज्ञाकारी बन्न इच्छुक हुनुहुन्छ ? तपाईंले यस हप्तामा सुधार्न वा सच्याउन सक्नुहुने एउटा वा दुई ओटा कुराहरु के के हुन सक्लान् ?

### २. आफ्नो परिवालाई सिकाउनु र उत्साह दिनु

तपाईंले आफ्नो जीवनको हरेक क्षेत्रमा परमेश्वरको राज्य लागू गर्न शुरुआत गर्नुहुँदाखेरि तपाईंले आफ्नो परिवारलाई पनि त्यस्तै गर्न उत्साह दिन शुरु गर्नु पर्दछ । हामीले पढ्दाखेरि जहिले पनि हाम्रा परिवारहरुलाई हरेक किसिमले सिकाइरहेको हुनुपर्दछ (व्यवस्था ६:७) । तपाईंले आफ्नो परिवारलाई आफूले गर्नुभएको कार्यद्वारा, बाचचितद्वारा र अरुहरुलाई सेवा गर्न अग्रसर हुनमा सहायता पुऱ्याई विभिन्न तरिकाले सिकाउनुहोस् ।

तपाईंले आफ्नो परिवारलाई पनि चारै ओटा क्षेत्रहरुमा बढ्न सहायता पुऱ्याउने उद्देश्यले यी कुराहरु गर्नेछु भनी अघिल्ला पाठमा जनाउनुभएको प्रतिवद्धता संझनु होस् ।

### ३. अरुहरुलाई सकारात्मक प्रभाव पार्न मलाई चलाउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नु

अरु व्यक्तिहरुलाई सकारात्मक प्रभाव पार्न सकूँ भनी परमेश्वरसित प्रार्थना र बिन्ती गर्दै अगाडि बढ्नुहोस् । अवसरहरुको खोजी गर्नुहोस् । तपाईंले खाँचामा परेका मानिसहरुलाई देख्नुभयो भने यी मानिसहरुलाई म कसरी सहयोग गर्न सक्छु भनी परमेश्वरसित उपाय माग्नुहोस् ।

परमेश्वर उहाँको आफ्नो राज्य निर्माण गर्न हामीलाई सहायता पुऱ्याउन इच्छुक हुनुभन्दा पनि बढी गर्न तत्पर हुनुहुन्छ । उहाँले ठीक समयमा र ठीक तरिकाले सहायता गर्ने तरिका हामीलाई देखाउनुहुनेछ ।

**४. अरुहरुको सेवा गर्नु**

प्रेमको सेवामा सहभागी हुनुहोस् अनि सेवा गर्ने अन्य माध्यमहरु पत्ता लगाउनुहोस् । यदि म त धेरै गर्न सक्तिनँ भन्ने ठान्नुहुन्छ भने पनि परमेश्वरले तपाईंलाई दिनुभएका सम्पूर्ण दान-वरदानहरु सेवाको निम्ति अझै चलाइरहनुहोस् । तपाईं सेवामा लागिरहनुहुन्छ भने तपाईं बढ्दै जानुहुनेछ अनि आफूलाई अझै धेरै गर्न सक्ने सबल व्यक्तिको रुपमा पाउनुहुनेछ ।

# पाठ ६: परमेश्वरको राज्य निर्माणमा मण्डलीको भूमिका

प्रमुख बुँदाहरु

- समुदायलाई परमेश्वरको राज्यजस्तै बन्नमा रुपान्तरण गर्नको निम्ति मण्डलीले शीर्षस्थ भूमिका खेल्नुपर्दछ ।
- मण्डलीका हरेक व्यक्ति महत्त्वपूर्ण हुने भएकाले सबै जना परमेश्वरको राज्य निर्माणमा समान रुपले सहभागी हुनुपर्दछ ।

दृश्य सामाग्री

४. शरीर कार्डका भागहरु

## परिचय

....................................................................................................................

हामीले अघिल्लो पाठमा रुपान्तरण तपाईंबाट शुरु हुँदछ अनि त्यसपछि तपाईंको परिवार हुँदै समुदाय र राष्ट्रतिर सर्दै जान्छ भनी रुपान्तरण प्रक्रिया सम्बन्धी हेरेका थियौं । यद्यपि, रुपान्तरण प्रक्रियाको निम्ति अर्को महत्त्वपूर्ण पक्ष पनि छ : त्योचाहिँ **मण्डली** हो ।

यो महान् दर्शन पूरा गर्नको निम्ति मण्डलीले रुपान्तरण प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ भन्ने परमेश्वरको योजना हो ।

एफिसी १:२२-२३ पढ्नुहोस्

- मण्डलीको भूमिका के हो ?
    - येशू ख्रीष्टको कार्य पूरा गर्नु

एफिसी ३:१० पढ्नुहोस्

- परमेश्वरले आफ्नो ज्ञान प्रकट गर्न के कुरालाई प्रयोग गरिरहनुभएको छ ?
    - मण्डली

यी पदहरु सधैं सजिलै बुझ्न सकिँदैन तर परमेश्वरले आफ्नो राज्य निर्माणमा मण्डलीलाई विशेष भूमिका दिनुभएको छ भनी यी पदहरुले हामीलाई स्मरण गराउँदछन् । मण्डली ख्रीष्टको शरीर हो । **सबै** थोकमा मिलाप ल्याउने ख्रीष्टको कार्य पूरा गर्ने भूमिकाचाहिँ मण्डलीको हो ।

- यदि तपाईंको मण्डली बन्द हुन गएमा के हुन्थ्यो होला ? तपाईंको समुदायमा भएका गैर-क्रिस्चियनहरुले के सिकायत गर्थे होलान् त ? किन गर्थे होलान् ? किन गर्दैन थिए होलान् ?

समुदायदेखि मण्डली हट्नु परेको देख्दा समुदायका मानिसहरु विचलित हुने गरी मण्डलीले समुदायमा सकारात्मक छाप पार्नुपर्दछ ।

अघिल्लो पाठको चित्रलाई फेरि अर्को किसिमले कोरौं । व्यक्तिदेखि शुरुआत गरेर परिवार, परिवारदेखि समुदाय अनि समुदायदेखि राष्ट्र हुँदै जाऔं । (बोर्डमा चित्र कोर्नुहोस् ) । यो प्रक्रियालाई सहायता गर्ने भूमिका मण्डलीको हो । (मण्डलीको चित्र कोर्नुहोस्) । हामीले व्यक्तिहरुलाई सुसज्जित पार्नुपर्दछ अनि उनीहरुलाई आ-आफ्ना परिवार, समुदाय, आदिमा सकारात्मक प्रभाव पार्न सहायता गर्नुपर्दछ । परमेश्वरले चाहनुभएजस्तै परिवारहरु तथा समुदायहरुलाई बन्नमा सहायता पुऱ्याउने उपायहरु पनि खोजी गर्नुपर्दछ ।



## व्यक्ति-व्यक्तिलाई सुसज्जित पार्नु

..............................................................................................................

शरीरका विभिन्न भागहरु जनाउने चित्रहरु भएका कक्षा कार्डहरु विभिन्न सहभागीहरुलाई दिनुहोस् ( दृश्य सामाग्री–१० ) ।

- कुनचाहिँ अङ्ग काम नलाग्ने हुन्छ वा त्यसको कुनै उद्देश्य नै छैन ?
- शरीरका सबैभन्दा साना अङ्गहरु कुन कुन हुन् ?
- शरीरका मसिना अङ्गहरु हटाएमा त्यसको असर के हुन्छ होला ?
- यदि सबै अङ्गहरु अलग-अलग पारिएमा के शरीर अझै सञ्चालित भइरहन्छ होला र ?
- शरीरका अङ्गहरु एकआपसमा कसरी परिपूरक हुन् ती सम्बन्धी केही उदाहरणहरु पेश गर्नुहोस् ।
- यदि शरीरका केही अङ्गहरु नभएमा शरीर कतिको प्रभावकारी बन्थ्यो होला त ?

कार्ड पाएका सहभागीहरुलाई कार्ड तल राख्न लाउनुहोस् ।

- के अहिले शरीर सद्दे भयो त ?
- ती अङ्गहरु नहुँदा के असर पर्थ्यो होला ?

कक्षालाई सबैभन्दा महत्त्वपूर्ण अङ्गहरु छान्न लाउनुहोस् अनि बाँकीलाई चाहिँ भुइँमा राख्न भन्नुहोस् ।

- के अहिले शरीर राम्ररी सञ्चालन हुन सक्छ त ? किन सक्दैन ? किनकि हामीसित त सबैभन्दा महत्त्वपूर्ण अङ्ग छ नि त ?

<u>१ कोरिन्थी १२:१२-२०</u>

- शरीरमा सबै अङ्गहरु उतिकै महत्त्वपूर्ण हुन्छन् । मण्डलीचाहिँ शरीरको रुपमा रहनु आवश्यक हुन्छ । मण्डलीको हरेक सदस्य परमेश्वरको राज्य निर्माणको निम्ति उत्तिकै महत्त्वपूर्ण हुन्छ । मण्डलीमा काम नलाग्ने सदस्य कोही पनि हुँदैनन् । के मण्डलीका सबै सदस्यहरुले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् त ? उनीहरुले सेवा गर्न छाडेका मानिसहरुको कारणले के मण्डली वा मण्डलीका सेवकाइ सञ्चालनमा प्रभाव पार्दैन त ?
- मण्डलीको कति प्रतिशतचाहिँ साँच्चिकै सेवकाइमा सहभागी भइरहेको छ त नि ? र, शरीरको कति प्रतिशत भागचाहिँ वास्तविक रुपमा सहभागी भइरहेको छैन वा प्रयोगमा आइरहेको छैन ?

  लगभग त्यति प्रतिशत बराबर सहभागीहरुलाई आ-आफ्ना कार्डहरु तल राख्न लाउनुहोस् ।

- यदि तपाईंको शरीर त्यति प्रतिशत मात्रै चलिरहेको छ भने शरीर कस्तो हुन्थ्यो होला ? के यो कुरा मण्डलीमा पनि लागू हुन्छ ? यदि प्रतिशतको ठूलो हिस्सा प्रभावकारी भएमा मण्डली कति धेरै प्रभावकारी हुन्थ्यो होला ?
- यस्तो समस्यालाई सम्बोधन गर्न शुरुआत गर्नको लागि हामी के गर्न सक्छौं ?

## हरेक मानिस सेवा गर्ने व्यक्ति किन बन्नुपर्छ ?

.................................................................................................................................

एफिसी २:१० पढ्नुहोस्

- हामी के गर्न बचाइएका थियौं ?
- के बचाइएका सबै व्यक्तिहरुले असल कार्य गरिरहेका छन् कि चाहिँ केही व्यक्तिहरुले मात्रै ?
- के तपाईंको मण्डलीका सबै जनाले असल कार्य गरिरहेका छन् त ?

तोडाको उखान पढ्नुहोस् (मत्ती २५:१४-३०) पढ्नुहोस्

- तपाईंले यो उखान पढ्दै गर्दाखेरि परमेश्वरको राज्य निर्माणको निम्ति कुनै-कुनै क्रिस्चियनहरुले आफूसँग भएका तोडाहरु वा दान-वरदानहरु चलाउनु नपर्ने त्यस उखानमा सङ्केत गरिएजस्तो तपाईंलाई लाग्छ त ?
- के तपाईंको मण्डलीमा भएका सबै क्रिस्चियनहरुले आ-आफूसँग भएका तोडाहरु पूर्ण रुपमा चलाइरहेका छन् ?
- परमेश्वरको राज्य निर्माणको खातिर धेरैभन्दा धेरै मानिसहरुलाई उनीहरुसित भएका तोडाहरु पूर्ण रुपमा चलाउन हामी कसरी सहयोग गर्न सक्छौं होला ?

परमेश्वरको राज्य निर्माणको खातिर हामी **सबै जना** एक जुट भएर काम गर्नुपर्दछ । कुनै एक जना व्यक्तिले मात्रै परमेश्वरको राज्यको सानो हिस्सा निर्माण गर्न सक्छ भने सम्पूर्ण मण्डली परिवार नै आफ्नो जीवनको चौतर्फी क्षेत्रमा परमेश्वरको इच्छाअनुसार जिउन शुरुआत गर्दछ र अरुहरुलाई पनि त्यसै गर्न सहायता पुऱ्याउँदछ, यसरी हामी परमेश्वरको राज्य अझै प्रभावकारी ढङ्गमा निर्माण गर्न सक्छौं । कल्पना गर्नुहोस्–यदि तपाईंको मण्डलीका सबै विश्वासीहरुले आ-आफ्नो जीवनमा, मण्डलीमा र समुदायमा परमेश्वरको इच्छा पूरा भएको देख्नको लागि आ-आफूलाई समर्पित गरे । मण्डली र समुदायमा त्यसको प्रभाव कस्तो पर्थ्यो होला ?

एफिसी ४:११-१२ पढ्नुहोस्

- अगुवाहरुको भूमिका के हो (प्रेरितहरु, अगमवक्ताहरु, प्रचारकहरु, पाष्टररु र शिक्षकहरु) ?
- भनिन्छ–धेरै जसो मण्डलीहरुमा १० प्रतिशत मानिसहरुले ९० प्रतिशत काम गर्दछन् । यो कुरा कतिसम्म सत्य हो ? हामीले यस्तो कुरालाई कसरी परिवर्तन गर्न सक्छौं ?
- मानिसहरुलाई सेवाका कार्यहरुका खातिर अझै सक्षम बनाउने उद्देश्यले हामी उनीहरुलाई अझै राम्ररी कसरी निर्माण गर्न सक्छौं त ?

प्रायः भन्ने गरिन्छ–जोहरु धेरै सिक्छन् र धेरै बढ्छन् तिनै व्यक्तिहरु अरुहरुलाई सेवा गरिरहेका हुन्छन् । इन्डोनेसियामा जवानहरुका बीचमा सेवा गर्ने केही मिशनरीहरु थिए । उनीहरुले जवानहरुलाई साप्ताहिक रुपमा सिकाइरहेका थिए तापनि त्यहाँ क्रिस्चियनहरु कमजोर र प्रभुमा सुस्त रुपमा बढिरहेको कारणले उनीहरु निकै निराश भएका थिए । उनीहरुले जवानहरुले नै सेवा गर्न शुरु गर्नुपर्छ भनी निर्णय गरे । त्यसकारण सेवकाइको कुनै भूमिकामा संलग्न भएका जवानहरुले मात्रै साप्ताहिक तालिममा भाग लिन पाउने भनी मिशनरीहरुले नयाँ नियम बसाए । अधिकांश जवानहरु विभिन्न सेवकाइ गतिविधिमा संलग्न भए । जवानहरुले समुदायमा भएका गरीब मानिसहरुकहाँ सेवा पुऱ्याउने, गरीब बालबालिकालाई निशुल्क शिक्षा दिने, बाल-सेवकाइमा सहयोग गर्ने जस्ता सबै किसिमका सेवा गरे । मिशनरीहरुले केही महिना भित्रै जवानहरु विश्वासमा साँच्चि नै परिपक्व भइरहेको पाए । सेवाको निम्ति उनीहरुलाई बाइबल अध्ययन र प्रार्थना गर्न जरुरी भयो । अरुहरुलाई साँचो रुपमा सेवा पुऱ्याउन सक्षम हुनको निम्ति ती जवानहरुले सहायताको खातिर परमेश्वरमा भरोसा गर्न पऱ्यो ।

<u>समग्र समूहमा छलफल गर्नुहोस्</u>

- यस कहानीमा के भयो ?
- जवानहरुले सेवाका माध्यमहरु के के अप्नाए ?
- के तपाईंले मानिसहरु मण्डलीद्वारा सेवकाइमा जति-जति संलग्न हुँदै जान्छन् त्यति-त्यति उनीहरु परिपक्व भइरहेको देख्नुभएको छ ?
- तपाईंको विचारमा मानिसहरु सेवामा जति-जति संलग्न हुँदै जान्छन् त्यति-त्यति नै उनीहरु किन परिपक्व हुँदै जान्छन् ?

## रुपान्तरण ल्याउने परिवारहरु

..................................................................................................................................

मण्डलीले आफ्ना विश्वासीहरुलाई वैवाहिक सम्बन्ध कसरी बलियो बनाउने र अभिभावकको भूमिका कसरी निर्वाह गर्ने भनी सिकाउँदै र परिवारहरुलाई मिलेर परमेश्वरको आराधना तथा सेवा गर्न अवसरहरु प्रदान गर्दै परमेश्वरले चाहनुभएअनुसार उनीहरुलाई जिउन सहायता पुऱ्याउनमा भूमिका

निर्वाह गर्न सक्दछ । मण्डलीले व्यक्ति-व्यक्तिलाई उनीहरुका आ-आफ्ना परिवारहरुमा सेवा पुऱ्याउन सकून र परमेश्वरले चाहनुभएअनुसार उनीहरुका परिवारहरु जिउन सकून् भनी सहायता पुऱ्याउने अवसरहरु खोजी गर्नुपर्दछ ।

## रुपान्तरण ल्याउने समुदायहरु

..........................................................................................................................................

मण्डलीको हैंसियतमा हामीले हाम्रो समुदायमा धेरै किसिमले प्रभाव पार्न सक्छौं । समुदायलाई सकारात्मक रुपमा प्रभाव पार्नुपर्ने तीन ओटा महत्त्वपूर्ण तरिकाहरु :

### १.विश्वासीहरुको सङ्ख्या बढाउनु

विश्वासीहरुको सङ्ख्या बढाउनु भनेको मण्डली ठूलो बनाउँदै लानुसँग सधैं मेल खाँदैन । (सङ्ख्या त भेडाहरु चोरेर पनि थप्न सकिन्छ ।) विश्वासीहरुको सङ्ख्या बढाउनु भनेको त धेरैभन्दा धेरै गैर-विश्वासीहरुले परमेश्वरलाई चिन्नु र येशू खीष्टलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गर्नु हो । मानिसहरुलाई सुसमाचार बुझ्नमा सहायता पुऱ्याउनमा र नयाँ विश्वासीहरुलाई आत्मिक मलजल गर्नमा मण्डलीले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

### २.परमेशवरको आज्ञाअनुसार जिउन समुदायलाई सिकाउनु

परमेश्वरले हामीलाई बनाउनुभयो र हाम्रो निम्ति के असल हुन्छ भन्ने कुरा उहाँ जान्नुहुन्छ भनी हामीले बुझेका छौं । हामीले जिउनु पर्ने तरिका परमेश्वरले बाइबलमा प्रकाश गरिदिनुभएको छ । हामीले अरुहरुलाई पनि यी आधारभूत बाइबलीय सिद्धान्तहरु सिकाउनुपर्दछ । मण्डलीको हैंसियतमा तपाईंले मानिसहरुलाई उनीहरुका जीवनका चौतर्फी क्षेत्रमा परमेश्वरको आज्ञाअनुसार जिउन सहायता पुऱ्याउने अवसरहरु खोज्न सक्नुहुन्छ ।

इसाई विश्वासमा रुचि नराख्ने मानिसहरु पनि स्वास्थ्य-शिक्षा, बलियो पारिवारिक जीवन निर्माण, बुद्धिमानीपूर्ण पैसा व्यवस्थापन जस्ता विषयमा सिक्न अभिरुचि राख्न सक्छन् । यस्ता किसिमका तालिमहरुले मानिसहरुले बाइबलीय सिद्धान्तहरुअनुसार जिए भने उनीहरुका जीवनलाई उन्नति-उन्मुख गराउन तथा गैर-क्रिस्चियनहरु र क्रिस्चियनहरु बीच समधुर सम्बन्ध विकास गर्न दुवैमा मद्दत पुऱ्याउँदछन् ।

### ३.सेवा परियोजनाद्वारा आफ्नो समुदायलाई परमेश्वरको उद्देश्यअनुसार जिउन सहायता गर्नु

**<u>स-साना झुण्डहरुमा</u>** निम्न प्रश्नहरुको जबाफ दिनुहोस् :

- मत्ती २:२८ –येशू किन आउनुभयो ?
- फिलिप्पी २:४-९ – पावलले येशूको विषयमा कसरी वर्णन गरेका छन् ?

येशू सेवा गर्न आउनुभयो । वास्तवमा, बाइबलले येशूको विषयमा यसो भनी उल्लेख गरेको छ, *"परमेश्वरको स्वरुपमा भएर परमेश्वरसितै बराबरको हुनालाई, जोगाइराख्ने धनजस्तो सम्झनुभएन तर आफूलाई रित्याइकन कमराको रुप लिएर मानिसहरुको समानतामा हुनुभयो ।"* विचार गर्नुहोस्– उहाँ परमेश्वर हुनुभए तापनि उहाँले आफूलाई रित्याउनुभयो र दासको रुप लिनुभयो । मण्डली खीष्टको देह भएको हुनाले मण्डलीको स्वभाव वा चरित्र पनि येशूको जस्तै सेवा गर्ने हुनुपर्दछ ।

- याकूब १:२७ –कस्तो किसिमको धर्मले परमेश्वरलाई खुशी तुल्याउँदछ ?
- मर्कूस १२:३१ –परमेश्वरले हामीलाई के गर्न आज्ञा दिनुभएको छ ?

परमेश्वर र आफ्नो छिमेकीप्रतिको प्रेमले हामीलाई सेवामुखी बनाउनुपर्दछ । येशू खीष्ट सेवा गर्ने उद्देश्यले आउनुभएको हुनाले मण्डलीको उद्देश्य पनि मानिसहरुलाई खीष्ट चिनाउन र उनीहरुलाई खीष्टमा बढ्न सहायता पुऱ्याउँदै र अरुहरुलाई परमेश्वरको प्रेम प्रदर्शन गराउँदै सेवा गर्नु हो ।

हामीले आफ्ना समुदायहरुमा सेवा पुऱ्यायौं भने उनीहरु रुपान्तरित भएको हामी देख्नेछौं । मण्डलीले सेवा पुऱ्याएको हुनाले समुदायमा आएको रुपान्तरणको विषयमा तल दिइएको कहानी पढ्नुहोस् ।

**सामुदायिक विद्यालय**

फ्यालिएका धातु पाताहरु र टुक्राटुक्री काठका झुपडीहरु भएको कगिशु नामक सुकुम्वासी क्षेत्रमा एउटा पन्ध्र सदस्यीय मण्डली थियो । त्यस मण्डलीले सर्वाङ्गीण सेवकाइ तालिममा सहभागी हुने निमन्त्रणा प्राप्त गऱ्यो । र, मण्डलीले त्यस कार्यक्रममा सहभागी हुन २१ वर्षीय मेशकलाई छाने । "येशूको आज्ञा पालन गर्नु ऐच्छिक होइन रहेछ !" भनी नयाँ दर्शन पाएर मेशक फर्के । त्यसकारण, मेशक, डिस्मस (एल्डर), पाष्टर र उनकी पत्नीले आफ्नो समुदायमा परमेश्वरको प्रेम प्रकट गर्ने परियोजनाको निम्ति प्रार्थना गरे । जवाफ आयो : मण्डलीमा भएका बालबालिकाका खातिर प्राथमिक विद्यालय शुरु गर ।

उनीहरुले अविलम्ब बालबच्चा भएका तर सरकारी विद्यालय स्तरमा थोरै शुल्क पनि तिर्न नसक्ने विश्वासी सदस्यहरुसित कुराकानी गर्न थाले । धेरै जना अभिभावकहरु आफ्ना बालबालिकालाई नयाँ "विद्यालय" मा पठाउन राजी भए । तालिम नगरेको भए पनि मेशक, पाष्टर र उनकी पत्नीले ६ वर्षदेखिका १२ वर्षसम्मका १३ जना केटाकेटीहरुलाई डेस्क, पुस्तक वा सामाग्रीबिना नै एउटा सानो कोठामा सिकाउन थाले । गाउँका मानिसहरु त्यस विद्यालयमा सहभागी हुन चाहँदैन थिए । उनीहरु

रातिराति आएर त्यहाँका सामाग्रीहरु चोरेर लान्थे । मेशकले सात महिनाको अवधिमा बालबालिकाका अभिभावकहरुले शुल्क तथा भेटीको रुपमा तिरेका अमेरिकन एक डलर बराबर पहिलो तलब पाए ।

मेशक र डिस्मसले आसपासका बालबालिकाहरुलाई डाके । विद्यालयमा सङ्ख्या बढ्यो । केही समयमै एउटा कोठामा विभिन्न उमेर समूहका ४५ जना बालबालिकाहरु भरिए । दोस्रो शिक्षक ६ महिनासम्म स्वयम्सेवकको रुपमा खटिए भने तेस्रो शिक्षकले चाहिँ आठसम्म खटिए । १०० जना विद्यार्थीहरु भएका हुनाले शिक्षकहरु कोठाको बीच भागमा ढाड-ढाड जोडेर आ-आफ्ना कक्षाहरुतिर फर्केर बस्दथे । केही समयपछि छिमेकीहरु सरेका हुनाले विद्यालयले पढाउने ठाउँ पाउन सक्यो । विद्यालय दुई वर्ष भइसकेको थियो । त्यस बेलासम्म विद्यालयका १० ओटाभन्दा बढी कोठाहरु भएका दुई ओटा भवनहरु भइसकेका थिए । र, कोठा पुग्दो भएकोले मण्डलीको आराधना सेवाको निम्ति पनि प्रयोग गर्न सकिन्थ्यो ।

अर्को साल मण्डलीले कावाङ्वारी नजिकै सानो टुक्रा जग्गा किन्यो, एउटा स्थायी भवन खरिद गर्‍यो अनि त्यसपछि विद्यालय त्यहीँ सर्‍यो । ६ वर्षमा त्यस विद्यालयमा १७ जना तलबधारी शिक्षक तथा शिक्षिकाहरु, ५ जना अन्य कर्मचारीहरु र ४४५ जना बालबालिकाहरु भए ।

यो त समुदाय, विद्यालय र मण्डलीको कहानीको शुरुआत मात्रै हो । यस परिश्रम तथा प्रयत्नको प्रत्यक्ष परिणाम अनुसार छिमेकी गाउँमा १० जना शिक्षक तथा शिक्षिका र ६० जना विद्यार्थीहरु भएको अर्को नयाँ माध्यमिक विद्यालय पनि सञ्चालनमा आयो । अर्को मण्डलीले काममा जानु पर्ने आमाहरुका २० जना स-साना नानीहरुका लागि ***दिवा-स्याहार केन्द्र*** शुरुआत गर्‍यो । शुरुको मण्डली सङ्गति बढेर ६० जना सदस्यहरुको मण्डलीको रुपमा विकसित भयो । यस मण्डलीले ४० जनाभन्दा बढी सदस्यहरु भएको अर्को मण्डली पनि स्थापना गर्‍यो । हरेक मण्डलीले विभिन्न स्थानहरुमा दु-दुई ओटा नयाँ मण्डलीहरु जन्माए ।

एउटा अति सानो मण्डली र त्यसका सदस्यहरुले गरेका आज्ञाकारी त्यागको ६ वर्षपछि त्यस इलाकाका समुदायहरु र मण्डलीहरुमा विराट रुपमा प्रत्यक्ष प्रभाव देखिएको छ । कगिशुमा आएको रुपान्तरणको कारण त्यहाँका समुदायहरुले **कगिशु** (जसको अर्थ “छुरा”) नामलाई **रुइतु** (जसको अर्थ “खतरादेखि मुक्त”) नाम राख्ने भनी प्रस्ताव गरेको साक्षी पाइन्छ ।

**समग्र झुण्डमा छलफल गर्नुहोस् :**

- यस कथामा के भयो ?
- मण्डली कति ठूलो थियो ?
- उनीहरुका सेवाले कस्तो प्रभाव पार्‍यो ?

एउटा गाउँमा अन्न कटनी गर्ने समयमा समुदायका मानिसहरु पर्मको रुपमा एकआपसको फसल बटुल्न एक जुट हुने चलन थियो । यद्यपि, धेरै फसल भित्र्याउनु पर्ने व्यक्तिले समुदायका मानिसहरुले फसल कटनी र ओसार-पसारमा सहायता गर्ने दिनहरुमा खान-पानको धेरै बन्दोबस्त गर्नु पर्दथ्यो । दुर्भाग्यवश, प्रायः गरी खानपानको खर्च त फसल भित्र्याउनुभन्दा पनि बढी हुन्थ्यो ।

मण्डलीले प्रेमको सेवाको रुपमा समुदायमा भएका कतिपय गरीब व्यक्तिहरुका अन्नबालीहरु केही पनि नलिईकन कटनी गर्न तथा भित्र्याउनमा सहयोग गर्ने भनी निर्णय गऱ्यो । बरु, मण्डलीका व्यक्तिहरुले आफ्नै खानाहरु लिएर आउँथे । अन्य समुदायहरुले मण्डलीले गरीब मानिसहरुलाई गरिरहेको सेवा देखेर उनीहरुले पनि भव्य खान-पानको व्यवस्था नगरी एकअर्कालाई सेवा गने निधो गरे ।

अहिले सबैले एकआपसमा अन्नबालीहरु कटनी तथा  भित्र्याउनमा सहयोग गरिरहेका छन् । कसैले पनि जाँड-रक्सी वा खान-पानको व्यवस्था गर्नुपर्दैन । किसानहरुले आफ्नो खेतबारीबाट प्राप्त गर्ने फाइदा उल्लेखनीय रुपमा बढेर गएको छ र त्यसको परिणाम स्वरुप अहिले उनीहरुसित वर्षभरि खाना पुग्ने अन्न उपलब्ध छ ।

- मण्डलीले यस समुदायमा सहयोग गर्न के गऱ्यो ?
- परिणाम के आयो ? त्यसले सारा समुदायमा कस्ता परिवर्तनहरु ल्यायो ?

**स-साना झुण्डहरुमा छलफल गर्नुहोस्**

- समुदायलाई सहयोग गर्न हाम्रो मण्डलीले गर्न सक्ने कुराहरु के के होलान् ?
- हाम्रो मण्डलीले मानिसहरुलाई परमेश्वरको इच्छाअनुसार जिउनको निम्ति सक्षम तुल्याउन कसरी सहायता पुऱ्याउन सक्छ ?

## पाठ ७: सत्यता-केन्द्रित रुपान्तरण कार्यक्रम

*प्रमुख बुँदा*

- सत्य-केन्द्रित रुपान्तरण कार्यक्रमचाहिँ समुदायहरुलाई रुपान्तरण गर्ने उद्देश्यले मण्डलीहरुलाई सुसज्जित गर्नुसित सम्बन्धित छ ।

*दृश्य सामाग्रीहरु*

५. परियोजना दर्शन
६. मण्डलीले समुदायलाई रुपान्तरण गर्दछ (पोष्टर)
७. भावी तालिमका विषयहरु

## परिचय

टेबलको छेउछेउमा दुई जना स्वयम्सेवकहरुलाई आमने-सामने उभिन लगाउनुहोस् । उनीहरुलाई आ-आफ्नो दिशातिर टेबल तान्न लाउनुहोस् । एक मिनेट वा दुई मिनेटपछि टेबललाई एउटै दिशातिर बोकेर लैजान भन्नुहोस् ।

- कुनचाहिँ सजिलो ? एउटै दिशातिर जान वा विपरीत दिशातिर तान्न ?

हामीले अघिल्ला पाठहरुमा परमेश्वरको राज्यको विषयमा कुराकानी गरिसको छौं । सांगठनिक रुपमा यस पृथ्वीमा परमेश्वरको राज्य निर्माण गर्न सहायता पुऱ्याउनु हाम्रो उद्देश्य हो । यस कार्यक्रमको निम्ति हाम्रो दर्शन (पोष्टर उचालेर देखाउनुहोस् वा बोर्डमा लेख्नुहोस्) :

*आफ्नो समुदायलाई रुपान्तरण गर्न मण्डलीहरुलाई सुसज्जित गर्नु*

तपाईंसँग साझेदारी गरेर प्राप्त नतिजा देख्न चाहनु नै हाम्रो दर्शन हो । सुन्दै गर्नुहँदा यो कुरा तपाईंलाई पनि संलग्न हुन मन लाग्ने विषय पो हो कि विचार गर्नुहोस् । टेबलको उदाहरणको याद गर्नुहोस् । कुनचाहिँ सजिलो थियो ? दुई जना व्यक्तिहरु एउटै दिशातिर जानु नै सजिलो थियो । साझेदारीमा पनि ठ्याक्कै यस्तै नै हुन्छ । यदि हामीले भिन्नाभिन्नै लक्ष्यहरु प्राप्त गर्न कोसिस गरिरहेका छौं भने हामी एकअर्कासित निराश बन्ने छौं । हामी असल साझेदार बन्नेछैनौं । यदि हामी परमेश्वरको राज्य निर्माण गर्ने एउटै उद्देश्यमा सहमत हुन्छौं भने हामीले एउटै दिशातिर टेबल तानिरहेका हुनेछौं । र, हामी असल साझेदारहरु बन्नेछौं ।

## परियोजना दर्शन

# आफ्नो समुदायलाई रुपान्तरण गर्न मण्डलीहरुलाई सुसज्जित गर्नु

### मण्डलीहरुलाई सुसज्जित गर्नु

हाम्रो अघिल्लो पाठमा उल्लेख गरिएझैं मण्डलीले परमेश्वरको राज्य निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । मण्डलीले दर्शन हस्तान्तरण गर्दैजान्छ, अनि सेवामा संलग्न हुने व्यक्तिहरुलाई सिकाउने र

सहायता गर्ने कार्य गर्दछ । मण्डलीले आफ्नो भूमिका निर्वाह गरेको हामी चाहन्छौं । मण्डलीको भूमिका खोस्ने वा मण्डलीको भूमिका निर्वाह गर्ने हाम्रो कोसिस होइन । (पोस्टर ५ देखाउनुहोस् )

मण्डलीलाई सुसज्जित गर्नुको अर्थ त्यो **होइन** :

१.हामीलाई सबै कुरा थाहा छ– हरेक ठाउँ र परिस्थितिको आ-आफ्नै विशेषताहरु हुन्छन् । तपाईंको समुदायलाई उपयुक्त किसिमले कसरी सहयोग गर्न सकिन्छ सो बारे हामी सँगसँगै सिक्नेछौं ।

२.तपाईंमा क्षमता कमि भइरहेको छ वा तपाईंसित क्षमता छैन– हामी सबैसँग भिन्नाभिन्नै खुबीहरु, सीपहरु र क्षमता हुन्छन् । परमेश्वरले तपाईंलाई दिनुभएका सबै दान-वरदानहरु प्रयोग गरेर तपाईंले आफ्नो समुदायलाई रुपान्तरण गर्न सक्नुहुन्छ । तपाईंलाई आवश्यक परेका विचारहरु तथा सीपहरु हामी प्रदान गर्नेछौं ।

३. हामी भइपरी आउने कुराको नियन्त्रक हौं – यो त तपाईंको आफ्नो मण्डली र समुदाय हो । परिस्थिति कसरी सामना गर्नुपर्छ भन्ने कुरा तपाईंलाई थाहा हुन्छ । हामीले प्रेमको सेवा बारे सुझाव दिएझैं हामी तपाईंलाई सुझाव दिनचाहिँ सकौंला । यद्यपि, प्रेमको सेवाचाहिँ तपाईंले यसरी-उसरी गर्नुपर्छ भनी हामी भन्नेछैनौं । तपाईंको क्षेत्रको निम्ति कस्ता परियोजनाहरु उपयुक्त हुन्छन् सो तपाईंले निर्णय गर्ने कुरा हो ।

४. (*यो सबैतिर उपयुक्त नहुन सक्छ । त्यसकारण, यसलाई छोड्न सकिन्छ* ) हामी एउटा सम्प्रादाय शुरुआत गर्दैछौं वा तपाईंले सम्प्रादाय फेरेको हामी चाहन्छौं । बरु कुरा उल्टो छ । हामी विश्वास गर्दछौं–तपाईंले आफ्नो सम्प्रादाय फेर्नु हुँदैन वा आफ्नो अगुवाको विरुद्धमा जानुहुँदैन । दाउदले शाउलको हकमा व्यवहार गरेको कुरा विचार गर्नुहोस् त : शाउलले दाउदमाथि आक्रमण गरिरहेको अवस्थामा पनि दाउदले उनको निम्ति स्थिर भएर विणा बजाए । उनी आफ्नो ज्यान गुमाउने जोखिममा हुँदा चाहिँ बरु **आफै** भागेर गए । परमेश्वरले दाउदलाई तँ भावी राजा बन्नेछस् भनी प्रतिज्ञा गर्नु भए तापनि उनले शाउलको पद हत्याउन कोसिस गरेनन् न ता अरु मानिसहरुलाई नै छोडेर जाओ भने । जब उनलाई अवर दिइयो, उनले शाउललाई मारेनन् बरु जीवित रहन दिए ।

हामी मानिसहरुलाई दाउदको उदाहरण अनुकरण गर्न हौसला दिन्छौं । यदि तपाईंलाई मेरो अगुवा राम्रो छैन भन्ने लागे पनि तपाईंले उनको मातहतमा रहेर काम गर्न र उनको निम्ति प्रार्थना गरिरहनु पर्दछ । यदि परिस्थिति साह्रै जटिल बन्न पुग्यो भने बरु तपाईं **आफै** जान सक्नुहुन्छ । आफ्नी श्रीमती र बालबच्चा बाहेक कसैलाई पनि नलानुहोस् । आफ्नो पुरानो अगुवालाई बदनाम गर्ने कोसिस नगर्नुहोस् । हामी पनि दाउद झैं अगुवाको विरुद्धमा नकारात्मक कुरा गर्नदेखि डराउनुपर्दछ ।

कुनै-कुनै मण्डलीहरु र अगुवाहरुले हतपत सम्प्रादायहरु फेरेको देख्दा यस संस्थाको अगुवाहरुको हैंसियतमा हामीलाई दुःख लाग्छ । यस्तो कुराले परमेश्वरलाई महिमा हुन्छ जस्तो हामीलाई लाग्दैन । हामी त तपाईंले सम्प्रादायहरु फेरी हिँडेको त कदापि चाहँदैनौं । परिस्थितिहरु जटिलै भए पनि दाउदझैं बन्ने र आफ्नो अगुवाहरुप्रति विश्वासयोग्य भइरहने कोसिस गर्नुहोस् । यस कुराले चाहिँ परमेश्वरलाई महिमा पुऱ्याउँदछ ।

संस्था भएको हैंसियतले हामी कुनै सम्प्रादायलाई काखी च्याप्दैनौं न त हामी कुनै सम्प्रादाय अन्तर्गत नै पर्दछौं । हामी विभिन्न संघ तथा संस्थाहरुसित सहकार्य गर्दछौं । हाम्रो नेतृत्व टोलीमा भएका सदस्यहरु विभिन्न सम्प्रादायका व्यक्तिहरु हुनुहुन्छ । सबै मण्डलीहरु अर्थात सबै सम्प्रादायका मण्डलीहरु परमेश्वरले चाहनुभएअनुसार बनेको हामी देख्न चाहन्छौं । हामी विश्वास गर्दछौं–परमेश्वरले विभिन्न किसिमका सम्प्रादायहरुबाट आफ्नो राज्य निर्माण गर्न सक्नुहुन्छ ।

मण्डलीलाई सुसज्जित गर्नुको अर्थ यो **हो** :

१.तपाईंको आफ्नो समुदाय रुपान्तरण गर्न हामी तपाईंलाईं तालिम प्रदान गर्दछौं । तपाईंको समुदाय रुपान्तरण गर्नको लागि तपाईंको समुदायमा हामी आफ्नो सहकर्मी पठाउँदैनौं । मिलाप ल्याउने कार्यको निम्ति मण्डली नै परमेश्वरको माध्यम हो भनी हामी विश्वास गर्दछौं । तपाईं परमेश्वरको इच्छाअनुसार यसरी चल्नहुँदाखेरि हामी तपाईंलाई सहायता तथा आड दिन चाहन्छौं ।

२.यो तपाईंको दर्शन र योजना हो । हामी धेरै किसिमका विचारहरु त ल्याउँला तर कुन किसिमका विचार तथा योजनाहरु तपाईंको मण्डलीमा कार्यान्वयन हुन्छन् सो तपाईंको कुरो हो । तपाईंको समुदायमा परमेश्वरको राज्य निर्माण भएको देख्ने विषयमा तपाईं जति नै गम्भीर हुनु भए पनि हामीले ल्याएका विचारहरु वा योजनाहरु अनुसार चल्न तपाईं बाध्यकारी हुनुहुन्न । बरु, हामी तपाईंलाई सकेसम्म धेरै किसिमका विचारहरु वा योजनाहरु कार्यान्वयन गर्न उत्साह दिन चाहन्छौं । कार्यक्रम अवधिमा जति मण्डलीहरुमा हामी गएका छौं, सकेसम्म धेरै किसिमका विचार तथा योजनाहरु कार्यान्वयन गर्ने मण्डलीहरुले नै आफ्नो समुदायमा विराट परिवर्तन देखेका छन् । थोरै विचार तथा योजनाहरु कार्यान्वयनमा ल्याउने मण्डलीहरुले चाहिँ थोरै मात्रै परिवर्तन देखेका छन् । तपाईं के के चाहनुहुन्छ भन्ने कुरा तपाईंकै कुरा हुन् । तपाईंको समुदाय परिवर्तन भएको देख्न चाहनुहुन्छ भने त्यसका निम्ति खुब मेहनतको आवश्यकता पर्दछ ।




## समुदाय रुपान्तरण गर्नु

हाम्रो दर्शनको पहिलो खण्ड भनेको मण्डलीलाई सुसज्जित गर्नु हो । हामीले मण्डलीलाई सुसज्जित गरिररहेको अर्को खण्डचाहिँ : **आ-आफ्ना समुदायहरुलाई रुपान्तरण गर्नु** ।

<u>रुपान्तरण</u>

- तपाईंको विचारमा हामीले **रुपान्तरण** शब्द किन प्रयोग गरेका हौंला ? रुपान्तरण शब्दको अर्थ के होला ?

जब कुनै कुराको रुपान्तरण हुन्छ, त्यो पूर्ण रुपमा परिवर्तन हुन्छ जसले गर्दा त्यसलाई फेरि पहिलाको अवस्थामा ल्याउन सकिँदैन । झुसिल कीरा र पुतलीलाई उदाहरणको रुपमा लिउँ । झुसिल कीरा पुतलीमा रुपान्तरित हुन्छ । पुतली झुसिल कीरा फेरि बन्न सक्दैन । यो त पूर्ण र परिवर्तन गर्न नसकिने परिवर्तन हो । हामी पनि समुदायहरुमा यस्तै किसिमको रुपान्तरण चाहन्छौं । समुदायहरु परमेश्वरले चाहनुभएअनुसार जिउन पूर्ण रुपमा परिवर्तन भएका र केही वर्षपछि फेरि पुरानै पारामा नफर्केका हामी देख्न चाहन्छौं ।

## रुपान्तरणका क्षेत्रहरु

**<u>स-साना झुण्डहरुमा छलफल गर्नुहोस्</u>** : प्रत्येक झुण्डलाई यस कार्यक्रमको परिणाम स्वरुप आ-आफ्ना समुदायमा ***आत्मिक, सामाजिक, मानसिक*** र ***भौतिक*** शीर्षक अन्तर्गत के के परिवर्तन आएको देख्न चाहन्छन् सोध्नुहोस् । झुण्डहरुलाई स्मरण गराउनुहोस्–***सामाजिक*** अन्तर्गत हाम्रा सम्बन्धसित गाँसिएको हुन्छ,जस्तै–विवाह, अभिभावकत्व, छिमेकीहरु बीच सम्बन्ध, एकता, आदि । ***भौतिक*** चाहिँ पैसा, काम, स्वास्थ्य, आदि अन्तर्गत पर्दछ । झुण्डहरुले पाठ एकमा अध्ययन गरिएको कुरालाई पनि हेर्न सक्दछन् ।

जब झुण्डहरुले छलफल सिध्याउँछन्, उनीहरुलाई आ-आफ्नो कुरा प्रस्तुत गर्न लगाउनुहोस् । हरेक झुण्ड वा अधिकांश झुण्डले लेखेका कुनै कुरा मिल्दो छ ? त्यो के हो ?

तल दिइएको चार्ट बोर्डमा लेख्नुहोस् । हरेक झुण्डलाई **आत्मिक, भौतिक, सामाजिक मानसिक** शीर्षकहरु अन्तर्गत हेर्दै आफ्नो कुरा प्रस्तुत गर्न लगाउनुहोस् ।




**<u>समग्र झुण्डमा छलफल गर्नुहोस्</u>**

- तपाईंले बनाउनुभएका लक्ष्यहरु र हामीले उल्लेख गरेका लक्ष्यहरु बीच भिन्नताहरु के के छन् ?
- हामीले उल्लेख गरेका लक्ष्यहरुमध्ये तपाईंलाई अचम्मित तुल्याउने वा तपाईं सहमत हुन नसक्ने केही त्यस्ता लक्ष्यहरु छन् ?

**<u>चारै क्षेत्रहरुमा हेरिसकेपछि छलफल गर्नुहोस् :</u>**

- तपाईंले लक्ष्यहरुका दुई ओटा सूचीहरुमा हेर्नु भईसकेपछि यसमा हामी सँगसँगै सहकार्य गर्न सक्ने प्रयाप्त आधार मिल्दोजुल्दो रहेछ भन्ने के तपाईंलाई लागिरहेको छ ?

## विधि

.........................................................................................................................

योचाहिँ तालिम कार्यक्र हो । हामी मण्डलीहरुलाई कार्यक्रमहरु कार्यान्वयन गर्न वा गराउन पैसा दिँदैनौं । हामी पछिल्ला तालिममा यस विषयमा सिक्दै जानेछौं । हामी गरीब हुनुको अधिकांश कारण हामीसित श्रोतहरुको अभावले होइन । र, अरुबाट श्रोतहरु पाएर हामी गरीबीदेखि मुक्त हुन्छौं भन्ने कुरा पनि होइन । यदि तपाईंले येशूको जीवनमा हेर्नुभयो भने उहाँसँग दिनको निम्ति भौतिक थोकहरु केही पनि थिएनन् । प्रेरित ३:६ मा पत्रुसले भने, *"सुन र चाँदी ता मसित छैन तर जे मसित छ, त्यो म तँलाई दिन्छु ।"* हाम्रो सन्दर्भमा हामीले दिने भनेको ज्ञान र विचारहरु नै हुन् । र, हामीलाई विश्वास छ–यी कुराद्वारा तपाईंको समुदायलाई परमेश्वरले चाहनुभएअनुसार उहाँको नजिक जान सहायता पुग्नेछ । हामी विश्वास गर्दछौं–यो तालिम, तपाईंको त्याग तथा मेहनत र परमेश्वरको अपूर्व गुणनात्मक शक्तिले हाम्रो राष्ट्रमा परिवर्तन ल्याउनेछ ।

तपाईंको समुदायमा परिवर्तन ल्याउन तपाईंलाई  आवश्यक परेका सोचहरु तथा सीपहरु हासिल गर्न सहयोग मिलोस् भन्ने उद्देश्यले मण्डलीको जोसुकै व्यक्तिलाई पनि हामी तालिम प्रदान गर्दछौं ।

## भावी तालीमका विषयहरु

.........................................................................................................................

आगामी तालिमका विषयहरु लेखिएको पोष्टर–७ देखाउनुहोस् । यी विषयहरुमा हेरफेर हुन सक्ने भए पनि हामी यी विषयहरु पढाउन लाग्दैछौं भनी बताइदिनुहोस् ।

मोड्यूल ३  – शैतानका झुटहरुले हामीलाई पार्ने प्रभाव र तीमाथिको विजय
मोड्यूल ४  –स्वास्थ्य
मोड्यूल ५  – विवाह र परिवार
मोड्यूल ६  –आर्थिक व्यवस्थापन
मोड्यूल ७  – नून र ज्योति
मोड्यूल ८  – कृषि
मोड्यूल ९  – सुसमाचार प्रचार
मोड्यूल १०  –परमेश्वरको उद्देश्यअनुसार जिउनु

स्वास्थ्य, विवाह र परिवार, कृषि र आर्थिक व्यवस्थापन जस्ता कतिपय विषयहरु चाहिँ मण्डलीका अन्य सदस्यहरु र समुदायका व्यक्तिसित पनि सा-सानो तालिम समूहमा सिकाउन सकिन्छ । जब तपाईंले यी प्रत्येक तालिम लिनुहुन्छ, यी विचारहरु तपाईंको मण्डली र समुदायमा लागू गर्ने तरिका पनि हामी तपाईंलाई सिकाउनेछौं । यी विचारहरु कार्यान्वयनमा ल्याउन तपाईंलाई विविध सोचहरु प्रदान गर्नेछौं ।

## पाठ ८ः आगामी चरणहरु

प्रमुख बुँदा

- हामीले योजना बनाउनुपर्दछ र आफ्नो काम सम्बन्धी हामी उद्देश्यमुखी हुनुपर्दछ ।

*ह्याण्डआउट*

८.१ प्रेमको कार्य योजनाका चरणहरु

## योजना निर्माणको महत्त्व

.................................................................................................................................

लिम नाम गरेका एक जना कृषक खेती-पाती गर्नलाई आफ्नो जग्गा खनजोत गर्न खेततिर लागे तर जाँदाजाँदै उनले आफ्नी श्रमतीले कुखुराहरुलाई चारो दिनु भनेको कुरा संभ्mे । अनि, उनी फर्केर आए र कुखुरालाई चारो दिए । कुखुरालाई चारो दिइरहेको बेला उनले बाख्रोको खेरतिर नजर डुलाए । उनले खोर भत्केको देखे । यदि यो खोर चाँडै मर्मत गरिएन भने बाख्रा निस्केर जाला भनेर उनी पिरोलिए । खोर बनाउनु पर्‍यो भनेर उनी सामानहरु खोज्न घरतिर लागे । आवश्यक ठीक सामानहरु नभेटेपछि उनी **क** भन्ने छिमेकीको घरतिर लागे । **क** सित सामानहरु मागे । उनी त्यहाँ गइरहने भएकाले छिमेकीसित केही बेर बाताचित गर्नु पर्‍यो भनी उनले निधो गरे । छिमेकी नयाँ विश्वासी थिए र उनलाई गाह्रो भइरहेको छ भन्ने लिमले सुनेका थिए ।

११:३० बजेतिर **क** कि श्रीमतीले लिमलाई खाना खाउँ भनिन् । समय बितिसकेको हुनाले उनले माफ मागे अनि आफ्नो परिवारसित खाना हतार-हतार घरतिर लागे । एक छिन झिमिक्क निदाएपछि उनी बाख्राको खोर बनाउनतिर लागे । बाख्राको खोर मर्मत गरिसकेपछि उनकी श्रीमतीले इनारको पम्प बिग्रेको छ भनी सम्झाइन् र **क** का सामानहरु हुँदा नै पम्प पनि बनाइहाल्नुहोस् भनी श्रीमानलाई अह्राइन् । दिन ढल्कनै लाग्दा उनले झण्डै-झण्डै पम्प पनि मर्मत गरिसकेका थिए । यद्यपि खेतीको निम्ति तयार भइसकेको थिएन । जेहोस् उनले भोलि बिहान पम्प मर्मत गरिसिध्याउँछु, छिमेकीका सामानहरु फिर्ता गरिदिन्छु अनि त्यसपछि म खेतीतिर लाग्नेछु भन्ने अनुभूतिले उनी अलिकति भए पनि सन्तुष्ट भए ।

१.यस कथामा के भयो ?

२. उनले गरेका थोकहरु के बेठीक थिए वा आवश्यक थिए ?
३. यदि ती किसान खेतीपाती गर्नदेखि त्यस्तै उताउता अल्भिरेको भए र कहिल्यै पनि अन्नबाली नलाएको भए त्यसको प्रतिफल के हुन्थ्यो होला ?
४ के तपाईंले पनि दिनहरु यसरी नै बिताउनुभएको छ कि ?
५.यस्तै घटना हाम्रो जीवनमा पनि नदोहोरियोस् भनेर हामी कसरी निश्चित हुन सक्छौं त ?

धेरै ओटा परियोजनाहरु ती किसानको दिनभैं चलिरहेका हुन्छन् । हामी असल काममा खटेर व्यस्त भइरहेका हुन्छौं । एकमाथि अर्को समस्या समाधान गर्दै जाँदा कहिलेकाहीँ महत्त्वपूर्ण थोक थाती बसिरहेको हुन्छ किनकि हामी अति जरुरी कामतिर व्यस्त बनिदिन्छौं । फलस्वरुप, जीवनमा महत्त्वपूर्ण कुरा प्राप्त गर्नदेखि हामी असफल हुन्छौं । अभै चिन्तालाग्दो कुरो त, हामीमध्ये कतिपय व्यक्तिहरुको जीवनै त ती किसानको दिन बितेभैं भइरहेको हुन्छ । हामी महत्त्वपूर्ण कुरा के हो र के गर्नुपर्ने भन्ने सोचविचार गर्नतिर समय नदिएर एक ठाउँदेखि अर्को ठाउँतिर यताउता भौतारिएर व्यस्त बनिरहेका हुन्छौं । हामीले गर्न पर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा के के हुन् भनी निर्णय गर्नु नै हामीले सोच्नुपर्ने पहिलो कुरा हो । यदि हामीलाई यो कुराचाहिँ महत्त्वपूर्ण छ भन्ने थाहा भएमा त्यसले हाम्रा समयहरु बिताउने तरिकाहरु बारेमा असल निर्णय गर्न हामीलाई सहायता पुऱ्याउँदछ ।

तपाईंको विचारमा सफल हुनको निम्ति आगामी तीन महिना भित्रमा तपाईंले गर्नुपर्ने प्रमुख कुराहरु के के हुन् ?

- अरुहरुलाई सिकाउनु – यदि हामी शरीरका धेरैभन्दा धेरै अङ्गहरु क्रियाशील भएको चाहन्छौं भने हामीले सिकिसकेका पाठहरुमध्ये केही पाठहरु अरुहरुलाई सिकाउनु आवश्यक हुन्छ ।
- प्रेमको सेवाको संयोजन गर्नु –हामीले नियमित रुपमा प्रेमको सेवा जारी राख्नुपर्दछ ।
- नियमित रुपमा भेटघाट गरिरहनुपर्दछ ।

**भेटघाटहरु**

..................................................................................................................................

तपाईंले प्रेमको कार्य-प्रदर्शनको योजना बनाउने उद्देश्यले एक ठाउँमा भेटघाट गरिरहन समूह छान्नुपर्ने हुन्छ । खासमा त मण्डली समिति नै छान्नुपर्ने समूह हुन सक्छ । यदि मण्डली समितिका व्यक्तिहरु महिनामा केही पटक भेटघाट गर्दछन् भने त्यस समयमा नै भेटघाट गर्न सकिन्छ ।

- भेटघाट कार्यक्रम हुँदा तपाईंले के के गर्नुपर्छ ?

- प्रार्थन गर्नुपर्छ – परमेश्वरको सामर्थ्यद्वारा मात्रै हाम्रा समुदायहरु रुपान्तरित भएको हामी देख्नेछौं । हामी रुपान्तरणको विषयमा साँच्चि नै गम्भीर छौं भने हामीले संयुक्त रुपमा प्रार्थनामा समय बिताउनै पर्दछ ।
- नयाँ-नयाँ प्रेम-कार्यको प्रदर्शन सम्बन्धी निर्णय गर्नुपर्छ ।
- आफ्नो समुदायलाई तपाईंले सहायता पुऱ्याउन सक्ने तौरतरिकाहरु बारे सोच्नुपर्दछ ।

भेटघाट कार्यक्रमहरुमा तपाईंले प्रार्थना र सामुदायिक आवश्यकताहरुमा छलफल गर्नमा समय बिताउनुपर्दछ । आफूले के र कसरी सहायता पुऱ्याउन सकिन्छ सो बारेमा प्रार्थना गर्नुहोस् । साथसाथै, गत समयको प्रेमको कार्य सम्बन्धी लेखाजोखा गर्नुको साथै त्यसका सबल पक्ष र दुर्बल पक्ष निर्धारण गर्नुहोस् । आगामी समयमा केचाहिँ फरक ढङ्गले गर्न सकिन्छ सो बारे मनमनै विचार गर्नुहोस् ।

## प्रेमका कार्य-प्रदर्शन

तपाईंले पाठ एकमा बनाउनुभएको समुदायको तस्बिर हेर्नुहोस् ।

सम्पूर्ण तस्बिरहरुमा नियाल्दै हरेक तस्बिरलाई साकार तुल्याउन आवश्यक पर्ने ठूला-ठूला परिवर्तनहरुको सूची बनाउनुहोस् ।

समूहमा रहेर ती परिवर्तनहरुमध्ये कुनै एउटालाई साकार तुल्याउन तपाईंले कसरी पहलकदमी गर्न सक्नुहुन्छ सो बारे प्रार्थना गर्नुहोस् । ती परिवर्तनहरुमध्ये एउटा परिवर्तन छान्नुहोस् अनि त्यसलाई साकार तुल्याउन सहायता पुऱ्याउने उद्देश्यले समूहमा प्रेमको कार्यको योजना बनाउनुहोस् ।

***प्रेमको कार्य योजना निर्माण फाराम*** (अर्को पृष्ठमा दिइएको छ) लाई फेरि सरसर्ती हेर्नुहोस् अनि त्यसपछि योजना बनाउनुहोस् ।

# परियोजना निर्माणका चरणहरु

**चरण १ : प्रार्थना**

गरिनुपर्ने पहिलो कुरा प्रार्थना हो । प्रार्थना गर्न समय छुट्याउनु पर्दछ । प्रेमको प्रदर्शन कार्यको निम्ति अगुवाइ माग्न परमेश्वरसित प्रार्थना गर्नुहोस् ।

**चरण २ : कार्यक्रम छनोट**

समूहको हैंसियतमा परमेश्वरको प्रेम देखाउन आफूले गर्न सक्ने कुरा निर्णय गर्नुहोस् । तपाईंले पाठ एकमा सूचीवद्ध गर्नुभएका केही विचारहरु पढ्नुहोस् अनि परमेश्वरले तपाईंलाई यस क्षेत्रमा चाहिँ अगुवाइ गरिरहनुभएको छ भन्ने लागेमा त्यसमा सहमत हुनुहोस् ।

तपाईंले विषय छानिसकेपछि यो कार्यचाहिँ मैले एक वा दुई दिनभित्र गर्न सक्छु भनी सुनिश्चित गर्नुहोस् । यदि त्यसो गर्न सक्नुहुन्न भने के तपाईं त्यो एक वा दुई चरणहरुमा गर्न सक्नुहुन्छ त ?

**चरण ३ : आवश्यक परेको कुरा निर्णय गर्नुहोस्**

अर्को चरण भनेको योजना बनाउनु हो । परियोजना संचालन गर्दा हामीलाई के के आवश्यक पर्छ भन्ने कुरा हामीले पहिले निर्धारण गरेको हुनुपर्दछ, जस्तै– कति र कस्ता किसिमका जनशक्ति, कस्ता सामाग्रीहरु, कस्ता अनुमति, आदि आवश्यक हुन्छ । यस विषयमा सोच्न सहज होस् भन्ने उद्देश्यले आफ्नो विद्यार्थी पुस्तिकामा दिइएको ***वर्कशिट*** प्रयोग गर्न सक्नुहुनेछ । तपाईंलाई आवश्यक पर्ने सबै थोक पहिलो स्तम्भमा भरिसकेपछि तपाईंले त्यसका निम्ति जिम्मेवार व्यक्ति र समापन गरिनुपर्ने मिति पनि निर्धारण गर्नुपर्दछ ।

**चरण ४: योजना लेख्नुहोस् ।**

गरिनुपर्ने सबै थोकको योजना बनाइसकेपछि मितिअनुसारको क्रमश: योजना लेख्न सक्नुहुन्छ ताकि तपाईंलाई जिम्मेवार व्यक्ति, गर्नुपर्ने काम र मिति थाहा पाउन सजिलो हुन्छ । एक जना व्यक्तिलाई परियोजना अगुवाको रुपमा छान्नुहोस् । त्यही अगुवा नै मानिसहरुलाई दिइएको जिम्मेवारी पूरा भए-भएनन्, समस्याहरु छन् कि छैनन् र उनीहरुलाई सहयोगको आवश्यकता छ कि छैन भनी पत्ता लाउन मानिसहरुसित सम्पर्क गर्ने जिम्मेवार व्यक्ति हुन्छ ।

**चरण ५ : प्रार्थना**

योजना लिखित रुपमा उतारिसकेपछि त्यसको निम्ति फेरि प्रार्थनामा बस्नुहोस् । परमेश्वरको नाम महिमित होस् भन्ने हेतुले यो कार्यक्रम पूरा गर्न र प्रतिफलहरु प्राप्त गर्न सकूँ भनी परमेश्वरसित सहायता माग्नुहोस् । आगामी हप्ता वा दुई हप्ता अवधिमा तपाईंले प्रेमको प्रदर्शन कार्य तयारी गर्दैगर्दा यस कार्यक्रममा मलाई सहायता गर्नुहोस् भनी परमेश्वरसित प्रार्थना गरिरहेको हुनुपर्दछ ।

**चरण ६ : प्रेमको कार्यलाई कार्यान्वयनमा ल्याउनु**

तपाईंले तर्जुमा गरिसक्नुभएको प्रेमको कार्यलाई कार्यान्वयनमा ल्याउनुचाहिँ अर्को चरण हो । प्रार्थनासहित काम शुरुआत गर्नुहोस् र आफ्ना सारा मेहनत वा प्रयासहरु परमेश्वर मै सुम्पनुहोस् । मैले यो कार्य आफ्नो समुदायमा परमेश्वरको प्रेम प्रर्दशन गर्न गरिरहेको छु भनी याद गर्नुहोस् । निर्धारित लक्ष्यसित मिल्दो हुने गरी आफ्नो प्रवृति वा सोचलाई कायम गरिरहने प्रयास गर्नुहोस् ।

**चरण ७ : मूल्याङ्कन गर्नु र प्रतिवेदन तयार पार्नु**

प्रतिवेदन तयार पार्नु र मूल्याङ्कन गर्नु अन्तिम चरण हो । हामीले मूल्याङ्कन गर्नुपर्छ त ? किनकि यसले हामीलाई सिक्न सहायता गर्दछ । मूल्याङ्नद्वारा हामीले के राम्ररी गऱ्यौं र आगामी दिनहरुमा हामीले कुन क्षेत्रमा चाहिँ सुधार गर्नुपर्ने रहेछ भनी सोचविचार गर्न सक्दछौं । यसको लामो प्रक्रियाको आवश्यता पर्दैन । निम्न प्रश्नहरु सम्बन्धी छलफल गर्न केही समय मात्रै लाग्नेछ :

- के राम्ररी सम्पन्न भयो ?
- केचाहिँ कमिकजोरी रह्यो ?
- अर्को पटक केमा सुधार गर्नुपर्ने हुन्छ ?
- तपाईंले चाहेअनुसार प्रत्युत्तर मिल्यो त ? छैन भने किन मिलेन त ?
- के परमेश्वरको महिमा भयो ?

प्रशिक्षकले तपाईंलाई प्रतिवेदन फाराम दिनेछन् । हामीलाई किन प्रतिवेदन चाहिन्छ त ? मर्कूस ६:३० मा हेऱ्यौं भने चेलाहरुले येशूलाई आफूले गरेका सबै कार्यहरुको प्रतिवेदन दिएका पाउँदछौं । हामीलाई सिकाउने र शिक्षण सामाग्रीहरु तयार पार्ने व्यक्तिहरु र हाम्रा प्रशिक्षकहरुप्रति विश्वासयोग्यता र कृतज्ञता स्वरुप हामी प्रतिवेदन बुझाउँदछौं । प्रतिवेदनद्वारा तपाईंले गर्नुभएका कार्यहरुको बारे बताउने र परमेश्वरले तपाईंका कार्यहरुलाई चलाउनुभएको साक्षी दिने अवसर मिल्नेछ । यसले प्रशिक्षकहरुलाई समस्याहरु ठहर गर्न र भावी दिनहरुमा तपाईंलाई अझै राम्ररी सेवा पुऱ्याउन सक्षम बन्न पनि अवसर प्रदान गर्नेछ ।